# सौन्दर्यकर्मी महिलाहरूको पेशाप्रतिको दृष्टिकोण

(पोखरा महानगरपालिकाको न्युरोडमा रहेका विभिन्न व्युटीपार्लरमा कार्यरत सौन्दर्यकर्मी महिलाहरुको एक समाजशास्त्रीय अध्ययन)

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर

दोस्रो वर्षको समाजशास्त्र विषयको आंशिक आवश्यकता

पूरा गर्न तयार पारिएको

**शोध पत्र**

**शोधार्थी**

**दुर्गा भाट**

रोल नं. : २३/०६७

परीक्षा रोल नं. : ४८०५२०

रजिष्ट्रेशन नं. : ९-१-४८-१६१८-९८

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिकशास्त्र सङ्काय

समाजशास्त्र तथा ग्रामिण विकास विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

२०७६

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
पृथ्वीनारायण क्याम्पस
PRITHVI NARAYAN CAMPUS

520142
520143
520389
523462
526837
527440
531944

पत्र संख्या :
चलानी नं. :

(समाजशास्त्र तथा ग्रामिण विकास विभाग)

भीमकाली पाटन, पोखरा, नेपाल
Bhimkali Patan, Pokhara, Nepal

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालयवाट समाजशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधिको आंशिक आवश्यकता परि पूर्तिका लागि मेरो निर्देशन र सुपरिवेक्षणमा दुर्गा भाटले **"सौन्दर्यकर्मी महिलाहरूको पेशाप्रतिको दृष्टिकोण (पोखरा महानगरपालिकाको न्युरोडमा रहेका विभिन्न व्यूटीपार्लरमा कार्यरत सौन्दर्यकर्मी महिलाहरुको एक समाजशास्त्रीय अध्ययन)"** विषयमा यो शोध पत्र तयार पार्नु भएको हो ।

निकै परिश्रमपूर्वक तयार पारिएको यस शोध कार्यवाट म सन्तुष्ट छु र प्रस्तुत शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.......................................................

उप प्रा. शंकर नाथ पौडेल

शोध निर्देशक

समाजशास्त्र तथा ग्रामिण विकास विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

मिति :- २०७६/०४/२६

Web:www.pncampus.edu.np E-mail:info@pncampus.edu.np

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
पृथ्वीनारायण क्याम्पस
PRITHVI NARAYAN CAMPUS

520142
520143
520389
523462
526837
527440
531944

पत्र संख्या :
चलानी नं. :

(समाजशास्त्र तथा ग्रामिण विकास विभाग)

भीमकाली पाटन, पोखरा, नेपाल
Bhimkali Patan, Pokhara, Nepal

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण बहुमुखी क्याम्पस, मानविकी तथा सामाजिकशास्त्र सङकाय अन्तर्गत समाजशास्त्र तथा ग्रामिण विकास विभाग स्नातकोत्तर तह दोस्रो वर्षको विद्यार्थी दुर्गा भाटले दसौं पत्रको प्रयोजनको लागि यस विभागमा प्रस्तुत गर्नु भएको **"सौन्दर्यकर्मी महिलाहरूको पेशाप्रतिको दृष्टिकोण (पोखरा महानगरपालिकाको न्युरोडमा रहेका विभिन्न व्युटीपार्लरमा कार्यरत सौन्दर्यकर्मी महिलाहरुको एक समाजशास्त्रीय अध्ययन)"** विषयक शोधपत्र मूल्याङ्कन समितिबाट स्नातकोत्तर उपाधिको लागि उचित ठहरिएको स्वीकृत प्रदान गरिएको छ ।

## मूल्याङ्कन समिति

......................................

उप प्रा. शंकरनाथ पौडेल
शोध निर्देशक

....................................

उप प्रा. मुकुन्द लम्साल
बाह्य परीक्षक

....................................

प्रा.डा. विश्व कल्याण पराजुली
विभागीय प्रमुख
समाजशास्त्र तथा ग्रामिण विकास विभाग
पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखरा

मिति : २०७६/०४/२८

Web:www.pncampus.edu.np E-mail:info@pncampus.edu.np

# कृतज्ञता ज्ञापन

सौन्दर्यकर्मी महिलाहरुको पेशाप्रतिको दृष्टिकोण पोखरा महानगरपालिकाको न्यूरोडमा रहेका विभिन्न ब्यूटिपार्लरमा कार्यरत सौन्दर्यकर्मी महिलाहरुको एक समाजशास्त्रीय अध्ययन शीर्षकमा शोध अध्ययन गर्ने शुभ अवसर र अनुमति दिई स्नातकोत्तर तहलाई मार्ग निर्देशन गर्ने त्रिभुवन विश्वविद्यालय मानविकी संकाय, समाजशास्त्र तथा ग्रामिण विकास विभाग पृथ्वीनारायण क्याम्पस, पोखराप्रति पुर्ण आभार ब्यक्त गर्दछु । अति ब्यस्तताका बाबजुद पनि पटक पटक आफ्नो अमुल्य समय दिएर शोध कार्यलाई वस्तु परक बनाउन, आवश्यक सल्लाह, सुझाव मार्ग निर्देशन गर्नुहुने मेरा शोध निर्देशक आदरणीय गुरु उप प्रा. शंकरनाथ पौडेल ज्यूप्रति म हृदयदेखि नै कृतज्ञता ज्ञापन गर्न चाहान्छु ।

आफ्नो अमुल्य समयको बाबजुद पनि भरपुर सहयोग र सुझाव तथा मार्ग निर्देशन र नियमित हौसला एवं प्रोत्साहन दिई यस शोध कार्यलाई सफल बनाउन सहयोग गर्नुहुने समाजशास्त्र तथा ग्रामिण विभागका विभागीय प्रमुख आदरणीय गुरु प्रा.डा. विश्व कल्याण पराजुली अनि यसै विभागका मेरा आदरणीय गुरुहरु उप प्रा. मुकुन्द लम्साल र उप प्रा. तेज प्रसाद सुवेदी ज्यूहरु लगायत अन्य गुरुहरुप्रति पनि धेरै धेरै धन्यवाद ज्ञापन गर्दछु ।

शोधपत्र तयार गर्ने क्रममा सहयोग पुऱ्याउनु हुने विभिन्न व्युटीपार्लरमा कार्यरत सौन्दर्यकर्मी महिला दिदीबहिनीहरु, मुख्य सूचनादाता व्यक्तित्वहरु लगायत यो शोध पत्र तयार पार्नका लागि आवश्यक पर्ने सामग्री उपलब्ध गराईदिनुहुने व्युटीसियन एसोसियसन कास्कीका सचिव बविता के.सी. कार्की, मेरो साथीहरु जमुना, बर्षा, सजनी श्रेष्ठ, काशी गुरुङ्गलाई धन्यवाद दिन चाहन्छु । साथै लेखन कार्य, तथ्याङ्क संकलन तथा कम्प्युटर टाईपिङ्गमा सहयोग पुऱ्याउनु हुने मेरो साथीहरु लगायत मेरो श्रीमान्, छोरा तथा सम्पूर्ण परिवारजन प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

.................................

दुर्गा भाट

# विषय सूची


| | | पेज नं. |
|---|---|---|
| सिफारिस पत्र | | ii |
| स्वीकृती पत्र | | iii |
| कृतज्ञाताज्ञापन पत्र | | iv |
| विषय सूची | | v |
| तालिका सूची | | viii |
| शोध सार | | ix |
| **अध्याय एक : परिचय** | | **१-६** |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ३ |
| १.३ | अध्ययनको उद्देश्य | ४ |
| १.४ | अध्ययनको महत्व | ४ |
| १.५ | अध्ययनको सीमाहरु | ४ |
| १.६ | सङ्गठनात्मक ढाँचा | ५ |
| **अध्याय दुई : सन्दर्भ साहित्यको पुनरावलोकन** | | **७-२१** |
| २.१ | सैद्धान्तिक अवधारणा | ७ |
| | २.१.१ लैङ्गिक दृष्टिकोण | ७ |
| | २.१.२ लैङ्गिक सहभागितालाई हेर्ने दृष्टिकोणहरु | ८ |
| | २.१.३ लैङ्गिक विकासका रणनीतिहरु | ९ |
| | २.१.४ लैङ्गिक अवधारणाहरुलाई बोध गर्ने नारीवादी चिन्तनहरु | १२ |
| २.२ | पूर्व अध्ययनको समीक्षा | १४ |
| २.३ | अवधारणात्मक ढाँचा | १९ |
| **अध्याय तीन : अनुसन्धान विधि** | | **२२-२६** |
| ३.१ | अनुसन्धानको ढाँचा | २२ |
| ३.२ | अध्ययन क्षेत्रको औचित्य र छनोट | २२ |
| ३.३ | तथ्याङ्कको स्रोत र प्रकृति | २३ |
| | ३.३.१ प्राथमिक स्रोत | २३ |

३.३.२ द्वितीय स्रोत २४
३.४ समग्र नमूना छनोट विधि २४
३.५ तथ्याङ्कको संकलन विधि २४
३.५.१ अर्न्तवार्ता अनुसुची २४
३.५.२ अवलोकन २५
३.५.३ मुख्य सूचनादाताहरूसँग अर्न्तवार्ता अनुसूची २५
३.५.४ वैयक्तिक अध्ययन २५
३.६ तथ्याङ्क विश्लेषण एवं प्रस्तुतीकरण २६
**अध्याय चार : उत्तरदाताहरुको सामाजिक-जनसांख्यिक विवरण २७-३६**
४.१ उत्तरदाताहरुको सामाजिक तथा जनसांख्यिक विवरण २७
४.१.१ जाति/जनजातिको आधारमा विवरण २७
४.१.२ उमेरको आधारमा विवरण २७
४.१.३ धर्मको आधारमा विवरण २९
४.१.४ पारिवारिक संरचनाको आधारमा विवरण ३०
४.१.५ वैवाहिक स्थितिको आधारमा विवरण ३२
४.१.६ शिक्षाको आधारमा विवरण ३२
४.२ उत्तरदाताहरुको आर्थिक अवस्था ३३
४.२.१ मासिक आम्दानीको संरचना ३४
४.२.२ परिवारको आम्दानीको श्रोत ३५
**अध्याय पाँच : ब्यूटीपार्लर व्यवसायले महिलाहरुको जीवनस्तरमा ल्याएको परिवर्तन ३७-४८**
५.१ ब्यूटीपार्लर व्यवसायले महिलाहरुको सीप र क्षमतामा बृद्धि ३७
५.२ ब्यूटीपार्लर व्यवसायले महिलाहरुको जीवनस्तरमा ल्याएको परिवर्तन ३८
५.३ व्यूटीपार्लर व्यवसायले महिलाको जीवनस्तरमा ल्याएको आर्थिक स्वतन्त्रता ३८
५.४ व्यवसायमा प्रवेश गर्नुपूर्व महिलाको स्थिति ३९
५.५ सौन्दर्यकर्मीहरूको आम्दानीको उपयोग गरिने क्षेत्रहरू ४०
५.६ सौन्दर्यकर्मीहरूलाई पेशामा लाग्नको लागि प्रेरणा/सहयोग ४१
५.७ सौन्दर्यकर्मी महिलाहरूको आफ्नो पेशाप्रतिको धारणा ४२
५.८ व्यूटीपार्लर व्यवसायमा तालिमको व्यवस्था ४३

५.९ व्यूटीपार्लर व्यवसाय सञ्चालन गरेपछि महिलाहरूमा भएको सीप विकासको अवस्थाको जानकारी ४३
५.१० व्यूटीपार्लर व्यवसाय गरेपछि उत्तरदाताहरूको जीवनस्तरमा आएको परिवर्तन ४४
५.११ व्यूटीपार्लर पेशामा काम गर्ने सौन्दर्यकर्मी महिलाहरूप्रति समाजको धारणा तथा दृष्टिकोण ४५
५.१२ सौन्दर्यकर्मी व्यवसायप्रति समाजका विभिन्न व्यक्तिहरूको धारणा ४६
**अध्याय छ : अध्ययनको सारांश, निष्कर्ष र सुझाव ४९-५४**
६.१ अध्ययनको सारांश ४९
६.२ अध्ययनको निष्कर्ष ५१
६.३ सुझावहरू ५३
**सन्दर्भग्रन्थ सूची**
**परिशिष्टाङ्कहरु**
परिशिष्ट-१: अन्तर्वार्ता अनुसूची
परिशिष्ट-२: अवलोकन जाँचबुझ सूची
परिशिष्ट-३: मुख्य सूचनादाताहरूसँग अन्तर्वार्ताको लागि अन्तर्वार्ता अनुसूची
परिशिष्ट-४: अन्तर्वार्तामा सहभागी मुख्य सूचनादाताहरूको नामावली
परिशिष्ट-५: मुख्य सूचनादाताहरूको अन्तर्वार्ताबाट प्राप्त केही उत्तरहरुको संकलन
परिशिष्ट-६: नेपालको नक्सामा कास्की जिल्ला
परिशिष्ट-७: कास्कीको नक्सामा अध्ययन क्षेत्र
परिशिष्ट-८: अध्ययन क्षेत्रका तस्विरहरु

# तालिका सूचि


| तालिका | पेज नं. |
|---|---|
| तालिका नं.४.१ जातीय आधारमा उत्तरदाताहरूको वर्गीकरण | २८ |
| तालिका नं.४.२ उमेर समूहका आधारमा उत्तरदाताहरूको विवरण | २९ |
| तालिका नं.४.३ धर्मका आधारमा उत्तरदाताहरूको विवरण | ३० |
| तालिका नं.४.४ पारिवारिक संरचनाको आधारमा उत्तरदाताहको विवरण | ३१ |
| तालिका नं.४.५ वैवाहिक आधारमा उत्तरदाताहरूको विवरण | ३२ |
| तालिका नं.४.६ शैक्षिक अवस्थाको आधारमा उत्तरदाताको विवरण | ३३ |
| तालिका नं.४.७ सौन्दर्यकर्मी महिलाहरूको मासिक आम्दानीको अवस्था | ३५ |
| तालिका नं.४.८ उत्तरदाताहरूको परिवारको आम्दानीका स्रोतको संरचना | ३६ |
| तालिका नं. ५.१ उत्तरदाताको सीप र क्षमतामा बृद्धि | ३७ |
| तालिका नं. ५.२ व्यूटीपार्लर व्यवसायले महिलाको जीवनस्तरमा ल्याएको परिवर्तन | ३८ |
| तालिका नं. ५.३ व्यूटीपार्लर व्यवसायले महिलाको जीवनस्तरमा ल्याएको आर्थिक स्वतन्त्रता | ३९ |
| तालिका नं. ५.४ व्यवसायमा प्रवेश गर्नुपूर्व उत्तरदाता महिलाको स्थिति | ४० |
| तालिका नं. ५.५ उत्तरदाताहरूको व्यूटीपार्लर पेशाबाट हुने आम्दानीको उपयोग गरिने क्षेत्रहरू | ४० |
| तालिका नं. ५.६ उत्तरदाताहरू सौन्दर्यकर्मी पेशामा लाग्नको लागि प्रेरकको संरचना | ४१ |
| तालिका नं. ५.७ उत्तरदाताहरूको आफ्नो व्यवसायप्रतिको धारणा | ४२ |
| तालिका नं. ५.८ सौन्दर्यकर्मी तालिम दिने व्यवस्था भए नभएको अवस्थाको जानकारी | ४३ |
| तालिका नं. ५.९ उत्तरदाताहरूको व्यवसाय सञ्चालन गरेपछि भएको सीप विकासको अवस्था | ४४ |
| तालिका नं. ५.१० व्यावसाय गरेपछि उत्तरदाताहरूको जीवनस्तरमा आएको परिवर्तनको ढाँचा | ४४ |
| तालिका नं. ५.११ महिलाप्रति समाजको दृष्टिकोण | ४६ |

# शोध सार

प्रस्तुत अध्ययन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र तथा ग्रामिण विकास विभागमा समाजशास्त्र विषयको स्नातोकत्तर तह द्वितीय वर्षको उपाधिको लागि तयार गरिएको हो । यो अध्ययन "सौन्दर्यकर्मी महिलाहरूको पेशाप्रतिको दृष्टिकोण" (पोखरा महानगरपालिकाको न्यूरोडमा रहेका विभिन्न व्यूटीपार्लरमा कार्यरत सौन्दर्यकर्मी महिलाहरूको एक समाजशास्त्रीय अध्ययन) भन्ने शीर्षकमा आधारित भई अध्ययन गरिएको छ ।

सुन्दरता हरेक मानिसको चाहना हो । संसारमा सुन्दरतालाई दुई प्रकारमा बुझ्ने गरिन्छ :-

१) इनर व्यूटी (भित्री सुन्दरता)

२) आउटर व्यूटी (बाहिरी सुन्दरता)

इनर व्यूटीले व्यक्तिको भित्री सुन्दरता, उसको गुण, विशेषता तथा समग्र गुणात्मक व्यक्तित्वलाई बुझाउँछ भने आउटर व्यूटीले व्यक्तिको बाहिरी शारीरिक सुन्दरता तथा आकर्षित व्यक्तित्व बुझाउँछ जसलाई समाजमा बढी मान्यता दिइएको पाईन्छ । जुन व्यक्तिहरूको शारीरिक सुन्दरता तथा आकर्षित व्यक्तित्व रहेको हुन्छ त्यस्ता व्यक्तित्वहरूलाई समाजमा सबैले मन पराउने, उनीहरूको आत्माविश्वास राम्रो हुने रोजगारका अवसरहरू पनि धेरै मिल्ने पाइएको छ किनकि देख्दा स्मार्ट तथा राम्रो मानिस प्रति समाजको हेर्ने दृष्टिकोण सकारात्मक पाइएको छ ।

सुन्दर व्यक्ति, मिजासिलो, इमान्दारी, जोश जाँगर भएको, राम्रो बोलीवचन, केही न केही सीप भएको र आत्मनिर्भर भएको हुन्छ भन्ने समाजको दृष्टिकोण रहेको छ । व्यूटीपार्लर व्यवसाय २१ औं शताब्दीमा मानिसको जीवनस्तरमा अझ बढी महिलाहरूको जीवनस्तरमा परिवर्तन ल्याउने राम्रो पेशा तथा व्यवसाय बनेको छ । सङ्कुचित र परम्परागत सोचाईका बावजुद आधुनिक समयमा आएर व्यूटीसियन पेशा निकै महत्त्वपूर्ण भएको छ । यसले मानिसको इनर व्यूटी र आउटर व्यूटीसँग सम्बन्धित सिपमूलक तालिम, मानिसको सुन्दर बन्ने चाहना, शृङ्गार, लुगा लगाउने तरिका तथा सुन्दरताका सवालमा राम्रो प्रभाव ल्याएको छ । यो एउटा यस्तो व्यवसाय हो जुन व्यवसायले विभिन्न उमेर समुहका मानिसहरूलाई विभिन्न तरिकाले आकर्षण गरेको पाइएको छ ।

समस्याको कथन अन्तर्गत केही प्रश्नलाई लिइएको छ । यस पेशाको संस्थागत विकासका लागि सौन्दर्यकर्मी महिलाहरूका के-कस्ता चाहना, अवधारण, तथा दृष्टिकोण रहेका छन् ? के यस पेशाले महिलाहरुको जीवनमा सामाजिक एवं आर्थिक परिवर्तन ल्याउन सकेको छ ? कमाईबाट हुने आय आर्जनले घरव्यवहार चलाउन सहयोग पुगेको छ वा छैन ? यदिन पुगेको भए के कसरी चलाउने गरेका छन् ? यस पेशामा आवद्ध महिलामा के-कस्ता समस्या छन् ? यो पेशाले उनीहरूमा कस्ता परिवर्तन ल्याएको छ ? यो पेशामा आवद्ध महिलाहरूको मासिक तलव, के कति रहेको, उनीहरूको शैक्षिक योग्यता के कति रहेकोछ ? व्युटीसियन पेशा र सौन्दर्यकर्मीप्रति व्युटीसियन पेशाप्रति समाजको कस्तो दृष्टिकोण रहेको छ ? जस्ता मूलभूत प्रश्नहरू समस्याको रूपमा रहेका छन् ।

यस अध्ययनको सामान्य उद्देश्यमा व्यूटीसियन व्यवसायमा सहभागी पोखरा महानगरपालिकाको न्यूरोडका सौन्दर्यकर्मी महिलाहरूको जीवनस्तरका बारेमा अध्ययन गर्ने हो भने यस अध्ययनका विशिष्ट उद्देश्यहरू निम्नलिखित छन् :-

१. सौन्दर्यकर्मी महिलाहरूको आफ्नो पेशाप्रतिको दृष्टिकोणको खोजी गर्ने ।

२. व्यूटीसियन व्यवसायप्रति समाजको धारणा तथा दृष्टिकोणको खोजी गर्ने ।

यस अनुसन्धानमा सौन्दयकर्मी महिलाको बारेमा जानकारी लिन अन्वेषणात्मक र वर्णनात्मक ढाँचाको प्रयोग गरी व्युटीपार्लर सौन्दर्यकर्मीहरुको गतिविधिको विस्तृत रुपमा वर्णन गरिएको छ । प्राथमिक तथ्याङ्क संकलनको लागि स्थलगत अवलोकन, अन्तर्वार्ता अनुसूची, मुख्य सुचनादाता व्यक्तिहरूको अन्तर्वार्ता समग्रताको नमूना छनोट अध्ययन विधिद्वारा लिइएको छ । साथै द्वितीय सूचना संकलनको लागि विभिन्न लेखरचना, पत्रपत्रिका, वेभसाईट, प्रकाशित तथा अप्रकाशित स्रोत तथा अन्य सम्बन्धित साहित्यको सहयोग लिइएको छ । संकलित तथ्याङ्कलाई साङ्केतिकीकरण, वर्गीकरण र तालिकीकरण पछि विश्लेषण गरी आवश्यकता अनुसार तालिका सूची र प्रतिशतको आधारमा परिशिष्टहरू शोध अध्ययनको अन्तिममा राखिएको छ ।

# अध्ययनका प्राप्तिहरू

समग्र अध्ययन क्षेत्रमा पोखरा महानगरपालिकाको न्यूरोडमा रहेका १३ वटा व्यूटीपार्लरमा ४५ जना महिला व्यूटीपार्लर पेशामा आवद्ध रहेका छन् । यी सबै ४५ जना महिलाहरूलाई अध्ययनको समग्रता नमूना छनोट विधि मानिएको छ ।

यहाँ सबैभन्दा १३ जना गुरुङ, १० जना मगर, ८ जना नेवार, ५ जना तामाङ, ४ जना क्षेत्री, ३ जना व्राह्मण र २ जना दलित महिलाहरू छन् । त्यहाँ २६ देखि ३० वर्षका १२ जना, धेरै ३१ देखि ३५ वर्ष ११ जना गरी २० देखि ५० वर्ष उमेर भएका महिलाहरू रहेका छन् ।

त्यहाँ ३० जना विवाहित, अविवाहित महिलाहरूले यो पेशा गरिरहनु भएको छ । ३० जनाहिन्दू धर्म, ११ जना बौद्धिष्ट र ४ जना क्रिश्चियन धर्म मान्नेहरू छन् । यस पेशामा समानान्तर सबै महिला साक्षरता देखिएता पनि १० जना SEE भन्दाकम, १४ जना SEE उत्तीर्ण, १६ जना १०+२ उत्तीर्ण र ५ जना स्नातक गरेको पाइएको छ । यो पेशामा काम गर्ने व्यवसायी तथा कर्मचारीको तलव संस्था अनुसार, पद अनुसार, सीप सिकाइनुसार, काम अनुसार, काम गर्ने समयानुसार, फरक फरक पाइएको छ । यहाँ ८००० देखि ३०,००० भन्दा बढी तलब साथसाथै विभिन्न प्रकारका सिपमूलक, आयमूलक तालिम पाएका महिला छन् जसले गर्दा उनीहरूको दैनिक जीवनयापनमा र व्यक्तिगत विकासमा सकारात्मक प्रभाव परेको छ । यो पेशाले महिलाहरूलाई सामाजिक र आर्थिक रूपमा स्वतन्त्रता सीपमूलक, आयमूलक र आत्मनिर्भरता साथसाथै व्यक्तिगत जीवनमा पनि आत्मविश्वास बढाएको सौन्दर्यकर्मी महिलाहरुले बताएका छन् ।

व्यूटीपार्लर पेशामा महिला सहभागिता राम्रो छ तर पनि देशको राजनैतिक अस्थिरता, महिलाहरूको घरपरिवार प्रतिको कामकाज, जिम्मेवारी, घरपरिवार तथा समाजको उचित सहयोग नपाइनु, व्यूटीपार्लर व्यवसायसँग सम्बन्धित सरसामान गुणस्तरीय सर्वसुलभ नेपालमा नहुनु, बाहिरबाट ल्याउँदा महङ्गो हुने जस्ता केही समस्याहरू यस पेशामा रहेको उनीहरूले बताएका छन् ।

सङ्कुचित र परम्परागत सोचाईका बावजुद आधुनिक समयमा आएर व्यूटीसियन पेशानिकै महत्त्वपूर्ण भएको छ । विश्वमा बढ्दै गइरहेको वेरोजगारी समस्याको एक भरपर्दो विकाल्पको रूपमा यो एक सम्मानित पेशाबन्न पुगेको छ । विशेष गरी रोजगारीको

पहुँचदेखि टाढा रहेका महिलाहरूलाई त्यो झनै आकर्षणको पेशा बन्नपुगेको छ । हुन त, आजभोली पुरुषहरू पनि यस पेशाप्रति आकर्षित भएका छन् । सौन्दर्य प्रति उनीहरूको आकर्षण बढेको छ । अनुहारमा सुन्दरता ल्याउनका लागि पुरुषहरू पनि पार्लर जाने हुनाले कुनै कुनै व्यूटीपार्लरहरूमा पुरुषको लागि फेसियल गर्ने, मसाज गर्ने, कपाल स्टेट गर्ने, हेयर कटिङ्ग गर्ने जस्ता कार्यहरू गरिएको छ ।

त्यसै गरी पुरुषहरूको लागि मात्रै २ वटा हेण्डसम पार्लरहरू पनि खोलिएका छन्, जहाँ पुरुषहरूले नै काम गर्छन् । ३ वटा पार्लरमा युनिसेक्स सेवा दिएको पाइएको छ जहाँ व्यूटीपार्लरका सम्पूर्ण सेवाहरू महिला-पुरुष दुवैलाई दिइएको छ र त्यहाँ महिला र पुरुष दुवैले काम गरेका छन् ।

विशेष गरी यस पेशमा महिलाहरूको संलग्नता पूर्ण रूपमा देखिन्छ । जसको कारण शहरी जीवन शैलीमा महिलाहरूको सुन्दरताप्रतिको चाहना स्वाभाविक रूपमा बढ्नुले व्यूटीसियन महिलाहरूको आफ्नो पेशाप्रति लगनशीलता आत्मविश्वास तथा सकारात्मक धारणा पाइएको छ ।

समयको परिवर्तन सँगसँगै व्यूटीपार्लर पेशाले महिलाहरूलाई आवश्यक सिपमूलक, तालिम, आयमूलक व्यवसाय, देश विदेशमा रोजगारका अवसरहरु दिइएको साथसाथै उनीहरूको सामाजिक, आर्थिक र व्यक्तित्व विकास गरी महिलाहरूलाई आत्मनिर्भर बनाउन धेरै सहयोग गरेको पाइएको छ । तसर्थ, यस व्यूटीसियन व्यवसायप्रति समाजको पनि सकारात्मक दृष्टिकोण रहेको हुँदा यो पेशा सफल भएको छ ।

# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सुन्दरता हरेक मानिसको चाहना हो । संसारमा सुन्दरतालाई दुई प्रकारमा बुझ्ने गरिन्छ :

१) इनर व्यूटी (भित्री सुन्दरता)

२) आउटर व्यूटी (बाहिरी सुन्दरता)

इनर व्यूटीले व्यक्तिको भित्री सुन्दरता, उसको गुण, विशेषता तथा समग्र गुणात्मक व्यक्तित्वलाई बुझाउँछ भने आउटर व्यूटीले व्यक्तिको बाहिरी शारीरिक सुन्दरता तथा आकर्षित व्यक्तित्व बुझाउँछ जसलाई समाजमा बढी मान्यता दिइएको पाइन्छ । जुन व्यक्तिहरूको शारीरिक सुन्दरता तथा आकर्षित व्यक्तित्व रहेको हुन्छ त्यस्ता व्यक्तित्वहरूलाई समाजमा सबैले मन पराउने, उनीहरूको आत्माविश्वास राम्रो हुने रोजगारका अवसरहरू पनि धेरै मिल्ने पाइएको छ किनकि देख्दा स्मार्ट तथा राम्रो मानिस प्रति समाजको हेर्ने दृष्टिकोण सकारात्मक पाइएको छ ।

सुन्दर व्यक्ति, मिजासिलो, इमान्दारी, जोश जाँगर भएको, राम्रो बोलीवचन, केही न केही सीप भएको र आत्मनिर्भर भएको हुन्छ भन्ने समाजको दृष्टिकोण रहेको छ । व्यूटीपार्लर व्यवसाय २१ औं शताब्दीमा मानिसको जीवनस्तरमा अझ बढी महिलाहरूको जीवनस्तरमा परिवर्तन ल्याउने राम्रो पेशा तथा व्यवसाय बनेको छ । सङ्कुचित र परम्परागत सोचाईका बावजुद आधुनिक समयमा आएर व्यूटीशियन पेशा निकै महत्त्वपूर्ण भएको छ । यसले मानिसको इनर व्यूटी र आउटर व्यूटीसँग सम्बन्धित सीपमूलक तालिम, मानिसको सुन्दर बन्ने चाहना, शृङ्गार, लुगा लगाउने तरिका तथा सुन्दरताका सवालमा राम्रो प्रभाव ल्याएको छ । यो एउटा यस्तो व्यवसाय हो जुन व्यवसायले विभिन्न उमेर समूहका मानिसहरूलाई विभिन्न तरिकाले आकर्षण गरेको पाइएको छ ।

मानव सभ्यताको प्रारम्भदेखि हालसम्मका हरेक काल खण्डहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सुन्दरता एक अपरिहार्य विषयको रूपमा चर्चामा रहदै आएको तथ्यलाई

नकार्न सकिदैन । यद्यपि मानिसलाई सुन्दर बनाउने साधन र विधि हरेक समय र कालमा भिन्न-भिन्न रहेको देखिएको छ । पहिला-पहिला व्यूटीपार्लर भन्नेबित्तिकै मानिसहरूले नराम्रो दृष्टिले हेर्ने गर्दथे, तर आजभोलि यस्तो हेराइमा धेरै परिवर्तन आएको छ । सौन्दर्य जति बढी परिष्कृत र समयसापेक्ष हुँदै जान्छ, त्यति नै समाज पनि सभ्य भएको सूचना थाहा हुन्छ । सौन्दर्य केवल सभ्यतामात्रै नभई समृद्धिको द्योतक पनि हो । आज संसारमा आर्थिकरूपले समृद्ध र विकसित देश तथा समाजमा सौन्दर्यले विशेष स्थान पाएको छ र यसको महत्व पनि दिन प्रतिदिन बढ्दै गएको छ । विशेष गरी सौन्दर्यकर्मी पेशामा महिलाको गहना मानिने सौन्दर्यमा निखार ल्याउने विधिहरू हुने भएकाले यसप्रति महिलाहरूको आकर्षण बढी देखिएका छन् । हाम्रो जस्तो पुरुषप्रधान देशमा मनोरञ्जनको साधन मानिने नारीहरू सुन्दरता प्रति आकर्षित हुने र बनाइने यथार्थ पनि देखिन्छ, त्यसैले पनि यसको प्रयोग र महत्व दिनानुदिन बढ्दो छ । महिला सशक्तिकरणमा महिलाहरूको पहिचानको खोजी आत्म निर्भर निर्णय गर्न सक्षम बनाउनु आर्थिक, सामाजिक, राजनैतिक क्रियाकलापमा सहभागि वढाउनु, स्वरोजगारको अवसर सृजना गर्नु र समग्र महिला वर्गको समुन्नती तथा उन्नतीका लागि व्यूटि पार्लर पेशा कोशेढुङ्गा सावित हुन सक्दछ (वैद्य, विना, २०६३) ।

राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार नेपालको कुल जनसङ्ख्या मध्ये ५१.५ प्रतिशत महिलाहरू रहेका छन् (राष्ट्रिय जनगणना, २०६८) । तरपनि महिलाहरूको कुनै पनि क्षेत्रमा आफ्नो पहुँच रहेको पाइदैन । त्यसैले महिलाहरू पुरुषको तुलनामा सबै अवसरहरूबाट बञ्चित रहेका पाइन्छ । शिक्षाको क्षेत्रमा महिलाहरू पुरुषको तुलनामा अत्यन्तै पछाडि हुनाले पनि यस्तो अवस्थाको सिर्जना भएको हो भन्न सकिन्छ । महिलाहरूलाई घरको काममा बढी सक्रिय गराइएको आधारबाट पनि उनीहरू शिक्षामा पछाडि परेको हो भन्न सकिन्छ तर महिला तथा पुरुष दुवैको लागि शिक्षा आवश्यक छ । शिक्षा विकासको माध्यम हो, त्यसैले देशको विकासको लागि महिला र पुरुष दुवै विकासमा सहभागी हुनुपर्दछ ।

नेपाल विकासोन्मुख राष्ट्र भएको हुनाले यहाँ बढ्दो जनसङ्ख्या र बेरोजगारी व्यापक रहेको छ । पुरुषहरूमात्र नभएर महिलाहरू पनि केही गर्न सक्दछन् भन्ने मान्यताले महिलाहरूले पनि आफूलाई सक्षम बनाउन विभिन्न पेशाहरू अपनाएर आफ्नो जीविका चलाउन सफल भएको देखिन्छ । कुनै महिलाहरू सरकारी सेवामा, कोही कृषि पेशामा, कोही

व्यापार व्यवसायमा संलग्न रहेर महिलाहरूले आफ्नो जीवनपद्धति अगाडि बढाएका छन् । त्यस्ता विभिन्न पेशाहरूमध्ये सौन्दर्यकर्मी पेशा वर्तमान समयमा देखापरेको एउटा महवपूर्ण पेशा हो, जुन शहरी क्षेत्रहरूमा बढी देख्न पाइन्छ ।

सङ्कुचित र परम्परागत सोचाइका बाबजुद आधुनिक समयमा आएर सौन्दर्यकर्मी पेशा निकै महत्त्वपूर्ण भएको छ । विश्वमा बढ्दै गइरहेको बेरोजगारीको समस्याको एक भरपर्दो विकल्पको रूपमा यो एक सम्मानित पेशा बन्न पुगेको छ । विशेष गरी रोजगारीको पहुँचदेखि टाढा रहेका महिलाहरूको लागि त यो झनै आकर्षणको पेशा बन्न पुगेको छ । हुन त आजभोलि पुरुषहरू पनि यस पेशाप्रति आकर्षित बन्न पुगेका छन् । सौन्दर्यप्रति उनिहरूको आकर्षण बढेको छ । अनुहारमा सुन्दरता ल्याउनका लागि पुरूषहरू पनि व्यूटीपार्लर जाने हुनाले कुनै–कुनै व्यूटिपार्लरहरूमा पुरूषको लागि फेसियल गर्ने, मसाज गर्ने, कपाल स्ट्रेट गर्ने, क्लरिङ गर्ने जस्ता कार्यहरू गरिन्छ । त्यस्तै गरी पुरूषहरूको लागि मात्रै भनेर एक दुईवटा हेन्डसम पार्लरहरू पनि खोलिएको पाइन्छ । जसमा महिलाहरूले नै काम गरेका हुन्छन्  पुरूषको सहभागिता एकदुई ठाउँमा मात्रै देखिएका ।  विशेष गरी यस पेशामा महिलाहरूको संलग्नता पूर्णरूपमा देखिएको छ । जसको कारण शहरी जीवनशैलीमा महिलाहरूको सुन्दरता प्रतिको चाहनाले स्वाभाविक रूपमा बढ्नुले सौन्दर्यकर्मी महिलाहरूको आफ्नो पेशाप्रतिको लगनशीलता बढ्दै गएको कुरा स्पष्ट हुन्छ  । यसले गर्दा सौन्दर्यकर्मी महिलाहरूको चाहना बढ्नुका साथै उनीहरूको यस पेशाप्रति झुकाव देखिएकासाथै महिलाहरूलाई आत्मनिर्भर बनाउन यो पेशा सफल भएको छ । यस पेशाका बढ्दो लोकप्रियताको कारण यसको अध्ययन पनि जरुरी देखिएको छ । प्रस्तुत शोधकार्यमा सौन्दर्यकर्मी महिला पेशाकर्मीहरूको पेशाप्रतिको आकर्षण, यस पेशाले आफ्नो जीवन शैलीमा ल्याएको परिवर्तन तथा यस पेशाले सौन्दर्यकर्मी महिलाहरूलाई दिन सकेको सन्तुष्टिप्रति अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन

महिलाहरूको निम्ति सौन्दर्यकर्मी पेशा आधुनिक समयको एक भरपर्दो र आकर्षक पेशाका रूपमा देखा परेको छ । खासगरी आर्थिक रूपले समृद्ध र शहरी जीवनमा यो पेशा मौलाउँदै आएको तथ्यलाई नकार्न सकिँदैन । समाजको आधुनिकीकरण सँगसँगै महिलाहरूमा बढ्दै गएको सुन्दरता प्रतिको रुचिले यस पेशाको भावी सम्भावनालाई अझ उजागार

बनाइदिएको छ । पहिरनको मिलावट, छनौट, शृङ्गार तथा शारीरिक बनावटलाई काँटछाँट गर्ने प्रवृति आधुनिक समयमा सुन्दरताको प्रदर्शनको रूपमा विकसित भएका छन् मूलतः जुनसुकै रूपबाट पनि नारीहरूमा यसको चाहना र महत्व बढी चर्चाको रूपमा विकसित भएको देखिएका । यसै अवस्थाको विकास र परिवर्तित स्वरूपमा सौन्दर्यकर्मी पेशा विकसित भएको छ । यस अध्ययनले निम्न लिखित प्रश्नहरूलाई समेट्ने छ ।

१. के यस पेशाले महिलाहरूको जीवनमा सामाजिक एवं आर्थिक परिवर्तन ल्याउन सकेको छ ?

२. यस पेशाको संस्थागत विकासका लागि सौन्दर्यकर्मी महिलाहरूका के-कस्ता चाहना, अवधारणा तथा दृष्टिकोण रहेका छन् ?

## १.३ अध्ययनको उद्देश्य

सौन्दर्यकर्मी महिलाहरूको आफ्नो पेशाप्रतिको धारणा, तथा दृष्टिकोणबारे विवेचना गर्नु यस अध्ययनको मूल उद्देश्य हुनेछ । यसका सामान्य उद्देश्यहरूमा

१. सौन्दर्यकर्मी महिलाहरूको आफ्नो पेशाप्रतिको दृष्टिकोणको खोजी गर्ने ।

२. सौन्दर्यकर्मी व्यवसायप्रति समाजको धारणा तथा दृष्टिकोणको खोजी गर्ने ।

## १.४ अध्ययनको महत्त्व

यस विषयसँगै सम्बन्धित अध्ययन कमै भएको छ । भविष्यमा सौन्दर्यकर्मी पेशासँग सम्बन्धित अध्ययन भएमा सो अध्ययन र यस अध्ययनबीच तुलना गरी परिवर्तन देखाउन सकिनेछ । साथै पछिको यसै विषयको अनुसन्धानकर्ताका लागि यो शोध एक आधार हुनेछ । सौन्दर्यकर्मी पेशाका सम्बन्धमा बुझ्न चाहनेहरूका लागि पनि यो उपयोगी हुनेछ । साथै सौन्दर्यकर्मी पेशा गर्न चाहनेहरूका लागि बढी सूचनामूलक हुनेछ । महिलासँग सम्बन्धित सरकारी तथा गैर सरकारी संस्था तथा पुस्तकालयका लागि यो शोध उपयोगी हुनेछ ।

## १.५ अध्ययनका सीमाहरू

कुनैपनि अध्ययन अनुसन्धानका सीमाहरू हुने गर्दछन् । शोध अनुसन्धानका लागि आवश्यक पर्ने श्रोत, साधन र समयले अध्ययनलाई सिमाभित्र ल्याउने कार्य गर्दछ । यसका

साथै कुनै एक स्थानमा संकलन गरिएको तथ्याङ्क र त्यसबाट गरिएको सामान्यीकरणले सवै क्षेत्रलाई समान रूपमा समेट्छ भन्न पनि सकिदैन । यस शोध अध्ययनमा पनि सिमित समय स्रोत साधनको प्रयोगबाट अध्ययनलाई निष्कर्षमा पुऱ्याउने प्रयास गरिएको छ । साथै शोधकर्तामा पर्याप्त मात्रामा ज्ञानको कमि पनि हुन सक्छ । यस शोध अध्ययनमा पनि विभिन्न प्रकारका सीमाहरू निर्धारण गरिएका छन् ।

- प्रस्तुत शोध अध्ययनको उद्देश्य नै सिमित छ किनकी यो शोध अध्ययन स्नातकोत्तर तहको समाजशास्त्र विषयको आंशिक आवश्यकता पूरा गर्नको लागि मात्र तयार पारिएको हो ।
- यो शोध कास्की जिल्ला, पोखरा महा नगरपालिकाको वडा नं ९ न्युरोड वजार क्षेत्रमा रहेका ब्युटिपार्लरमा कार्यरत महिलाहरूको मात्र अध्ययन गरिएकोले अध्ययनले राष्ट्रव्यापी धारणालाई प्रतिनिधित्व नगर्न पनि सक्छ ।
- सिमित स्रोत साधनको प्रयोग गरी छोटो समयमा प्रस्तुत गरिएको हुनाले सम्पूर्ण पक्षहरूलाई यसले समेट्न नसकेको पनि हुन सक्छ ।

## १.६ सङ्गठनात्मक ढाँचा

यो शोधपत्रलाई जम्मा छ अध्यायमा विभाजित गरिएको छ । पहिलो अध्यायमा अध्यनको परिचय अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अनुसन्धानका उद्देश्यहरू, अध्ययनको सीमा तथा अध्ययनको ढाँचालाई समावेश गरिएको छ ।

दोस्रो अध्यायमा यस शोधपत्रको सन्दर्भ साहित्यको पुनरावलोकन अन्तर्गत अध्ययनको सैद्धान्तिक अवधारणा लैङ्गिक दृष्टिकोण अवधारणा, लैङ्गिक सहभागीतालाई हेर्ने दृष्टिकोणहरू, लैङ्गिक विकास रणनीतिहरू, लैङ्गिक अवधारणाहरूलाई बोध गर्ने नारीवादी चिन्तनहरू, पूर्व अध्ययनको समीक्षा र अवधारणात्मक ढाँचालाई समावेश गरिएको छ ।

तेस्रो अध्यायमा अनुसन्धान विधि अन्तर्गत अनुसन्धानको ढाँचा, समग्र अध्ययन क्षेत्रको छनौट, अध्ययन क्षेत्रको छनौट र औचित्य, तथ्याङ्कका स्रोतहरू र प्रकृति, प्राथमिक स्रोत, अन्तर्वार्ता अनुसूची, प्रश्नावली, अवलोकन, मुख्य सूचनादातासँगको अन्तर्वार्ता, वैयक्तिक अध्ययन, द्वितीय स्रोत र तथ्याङ्क विश्लेषण एवम् प्रस्तुतीकरण समावेश गरिएको छ ।

चौथो अध्यायमा महिलाहरूको सामाजिक तथा आर्थिक अवस्थाको अध्ययन अन्तर्गत सौन्दर्यकर्मी उत्तरदाताहरूको सामाजिक जनसांख्यिक विवरण, जातजातीयता, उमेर समूह, धर्म, पारिवारिक संरचना, वैवाहिक स्थिति, शिक्षा, आर्थिक अवस्था, मासिक आम्दानीको विवरण समावेश गरिएको छ ।

पाँचौं अध्यायमा यस व्यवसायले महिलाहरूको जीवनस्तरमा ल्याएको परिवर्तन सीप र क्षमतामा वृद्धि, महिलामा परिवर्तन, आर्थिक स्वतन्त्रता, शैक्षिक अवस्था, व्यवसायमा प्रवेश गर्नुपूर्व महिलाको स्थिति, व्युटीपार्लर व्यवसायबाट आएको आम्दानीको उपयोग गरिने क्षेत्रहरू, सौन्दर्यकर्मी महिलाहरूलाई पेशमा लाग्नको लागि प्रेरणा तथा सहयोगको विवरण, सौन्दर्यकर्मी महिलाहरूको आफ्नो पेशाप्रतिको धारणा, तालिमको व्यवस्था, सीप विकासको अवस्था, जीवनस्तरमा आएको परिवर्तनको ढाँचा, व्यूटीपार्लर पेशामा काम गर्ने सौन्दर्यकर्मी महिलाहरू प्रति समाजका विभिन्न व्यक्तिहरूको धारणा र दृष्टिकोण समावेश गरिएको छ ।

छैंटौं अध्यायमा अध्ययनको सारांश, निष्कर्ष र सुझावलाई समेटिएको छ ।

# अध्याय दुई

# सन्दर्भ साहित्यको पुनरावलोकन

## २.१ सैद्धान्तिक अवधारणा

### २.१.१ लैङ्गिक दृष्टिकोण

लैङ्गिक अवधारणा समाज र संस्कृतिको अध्ययन गर्ने एउटा नवीनतम अवधारणा हो । जसले समाजमा महिला तथा पुरुषको समन्वय, स्थान, अधिकारको बारेमा अध्ययन गर्दछ अर्थात महिलाहरूको मात्रै अध्ययन लैङ्गिक अवधारणाले गर्दैन । हाम्रो समाजमा महिला र पुरुषबीच धेरै भिन्नता रहेको पाइन्छ । जुनसुकै क्षेत्रमा पनि महिला र पुरुष बीच विभेद रहेको छ । हाम्रो समाज पितृसत्तात्मक ढाँचाबाट सञ्चालित भएको हुनाले घर परिवार देखि बाहिरका हरेक निर्णयहरू पुरुषबाटै हुने गर्दछन् । त्यसैले महिलाहरूको जीवन पुरुषसँग गाँसिएको छ (शर्मा, २००९) । मनुस्मृतिमा उल्लेख भएअनुसार महिलाहरू विवाह हुनुभन्दा अगाडि बावुको अधीनमा रहन्छन् विवाह पश्चात् श्रीमान्को र बृद्ध अवस्थामा छोराको अधीनमा रहन्छन् भनिएको छ ।

लैङ्गिक अवधारणाले महिलाका विरुद्धमा विभिन्न आन्दोलन उठाएको छ । महिला आन्दोलन महिलाका हक, अधिकार, स्वतन्त्रता तथा पूर्ण उत्पादन कार्यमा सशक्त रूपमा देखिएको छ । यस्ता आन्दोलनहरू विशेष गरी महिलाहरूको जीवनस्तरलाई माथि उठाउनका लागि गरिएका छन् । सामान्यतया लैङ्गिक अवधारण विकासका रणनीति तथा सिद्धान्तहरूमा महिला पछि पर्नुका कारण देखापरेको अवधारणा हो । जसले विकासमा महिला तथा पुरुष दुवैलाई अगाडि बढ्नाका लागि जोड दिएको छ (लुइँटेल, २००८) ।

लैङ्गिक अध्ययनले आर्थिक, राजनीतिक, शैक्षिक, सामाजिक, सांस्कृतिक र प्राविधिक आदि पक्षहरूमा महिला र पुरुषको अवस्था तथा स्थितिको विश्लेषण गर्दछ । मानवीय अस्तित्व तथा सामाजिक व्यवस्थापन र निरन्तरताका लागि समाजमा महिला र पुरुषले विभिन्न कार्यहरू सम्पादन गर्दछन् तर हाम्रो देशमा महिला तथा पुरुषले गर्ने भूमिका व्यवहार तथा सामाजिक मूल्याङ्कन असमान छ, त्यसैले लैङ्गिक अध्ययनले महिला तथा पुरुषका बीचमा रहेका सामाजिक, आर्थिक, राजनैतिक, सास्कृतिक मनोवैज्ञानिक पक्षको

अवस्था, सम्बन्ध, अन्तरक्रिया, समानता, असमानता आदिको विश्लेषण गर्दै महिला र पुरुषको समानताको खोजी गर्दछ । प्राकृतिक रूपमा महिला र पुरुष फरक फरक भएता पनि महत्त्व समान रहेको र सामाजिक तथा साँस्कृतिक रूपमा शक्ति सम्बन्धको असमान अभ्यासले गर्दा स्तरीकरणको सृजना भएको हो । त्यसैले यस अध्ययनले महिला र पुरुष दुवैको प्रयासद्वारा लैङ्गिक समतामूलक र दिगो समाजको निर्माण गर्न खोज्दछ । वर्तमान समयमा लैङ्गिक अध्ययन महिला केन्द्रित रहनु स्वाभाविक हो, किनकि संसारका विकसित तथा अविकसित सबै मुलुकमा कम मात्रामा होस् वा बढी मात्रामा महिलाहरू विभिन्न पक्षमा भेदभाव गरिएका छन् (पण्डित, १९९८) ।

### २.१.२ लैङ्गिक सहभागितालाई हेर्ने दृष्टिकोणहरू

#### क) लैङ्गिक समता

महिला अध्ययनमा लैङ्गिक समता भन्ने शब्द समानताको स्थितिमा पुग्नु अगाडि गर्नुपर्ने महत्वपूर्ण प्रक्रिया हो । महिला दृष्टिकोणमा लैङ्गिक समता सामाजिक न्याय, निष्पक्ष र उचित व्यवहार तथा नैसर्गिक अधिकार हो । लैङ्गिक समताले अधिकार र अवसर उपयोग गर्ने क्षमता र वातावरणको विकास गर्दछ । यसको लागि सकारात्मक विभेदीकरणको नीति जरूरी देखिन्छ ।

महिला सशक्तिकरणका लागि गरिने कार्यक्रमहरू जस्तै तालिम, क्षमता, सीप र अन्य यस्तै क्रियाकलापले महिलालाई पुरुष बनाउन सहयोग गर्दछ । शिक्षाको विकासविना लैङ्गिक समता सम्भव नभएकाले शिक्षाको विकास हुनुपर्छ । लैङ्गिक समताले परिस्थितिजन्य र आवश्यक वातावरण तयार गरी मानव बीचको असमानतालाई हटाई समानतामा ल्याउँछ (पाठक/संग्रौला, २००२) ।

#### ख) लैङ्गिक समानता

लैङ्गिक समानताले महिला र पुरुष बीच हुने मूल्य, मान्यता, दृष्टिकोण र व्यवहारको एकरूपतालाई बताउँदछ । महिला र पुरुष बीच हुने समान सहभागिता, वितरण र पहुँच, नियन्त्रण, उत्पादन, उपयोग र बराबर अधिकार नै लैङ्गक समानता हो ।

लैङ्गिक सम्बन्धमा देखापर्ने परिस्थितिमूलक वा वातावरणजन्य व्यवहार भूमिका, योजना र कार्यक्रमबाट नै लैङ्कक समानता कायम हुन्छ । लैङ्गिक समानता र पहिला सशक्तीकरणलाई राष्ट्रिय प्राथमिकताका रूपमा स्थापित गर्न नीति निर्माताको क्रियाशिलता र प्रतिवद्धताको आवश्यकता पर्दछ (वेनेट, १९८३) ।

### २.१.३ लैङ्गिक विकासका रणनीतिहरू

महिला आन्दोलनले पुरुष पक्षीय सिद्धान्तलाई चुनौती दिँदै अहिले सम्मको स्थापित पक्षपाती महिला पूर्वाग्राही सोचाइ, सिद्धान्त तथा दर्शनलाई प्रभाव पाऱ्यो । साँस्कृतिक, सामाजिक र राजनीतिक विकास प्रक्रियामा महिला वर्गको सहभागिता र भूमिकालाई सन् १९७० को दशकदेखि महत्व दिन थालिएको हो (पाठक, २००२) । सन् १९७० मा इस्टर बोसेरूपद्वारा लिखित “आर्थिक विकासमा महिलाको सहभागिता” नामक पुस्तक प्रकाशित भएपछि विकासमा महिलाको अवधारणा जनसमक्ष आएको हो । यसमा महिला विकासका दृष्टिहरू अगाडि ल्याइएको थियो, सन् १९७५ लाई अन्तराष्ट्रिय नारी वर्षका रूपमा तथा सन् १९७६-१९८५ को दशकलाई अन्तराष्ट्रिय नारी दशकका रूपमा लिएपछि विकासमा महिलाको भूमिकामा थप योगदान पुग्यो, महिला कसरी घरभित्र पुरुष अधिनस्थमा रहँदा रहेछन् भन्ने कुरा समाज बाहिर आयो । यस क्रममा सन् १९७०-१९९० को दशकसम्म कार्यदक्षताका निम्ति सशक्तीकरण एवम् सबलीकरण जस्ता नीतिहरू अवलम्बन गरिएका थिए । महिलाहरू रणनीति अनुसार अगाडि बढिरहेका छन् (घिमिरे, २०६६) ।

#### क) विकासमा महिला अवधारणा

पहिला विकास प्रक्रियामा महिलालाई समावेश गरिएको थिएन केवल पुरुषलाई मात्रै समावेश गरिएको थियो । यो अवधारणा अमेरिकी उदारवादी महिलाहरूले सन् १९७० को दशकपछि अघि सारेको पाइन्छ । सन् १९७० मा अमेरिकामा सोसिओलोजी फर इन्टरनल डेभलपमेन्टको स्थापनाले विकासमा महिला सहभागिताको आवाजलाई अझ बुँलन्द गऱ्यो । त्यसै बेला सन् १९७० मा नै इन्टर बोसरपको “आर्थिक विकासमा महिलाको भूमिका” नामक पुस्तक प्रकाशन भएपछि मात्र यस अवधारणाले मान्यता ग्रहण गरेको थियो । यस पुस्तकमा महिलाका घरभित्रका समस्याहरूलाई अगाडि ल्याइएको थियो । खास गरी १९५० पछाडि धेरै विभेद र असमानताहरू बढ्दै गएको पाइयो । विकासको प्रक्रियामा माथिबाट तल जाने रणनीति अपनाएकाले समाजमा सन्तुलित विकास हुन सकेन । त्यसैले विकासलाई

पुरुषको आँखाबाट मात्र नहेरेर महिलाको आँखाबाट पनि विश्लेषण गर्नुपर्ने कुरालाई जोड दिइयो (मोस्से, १९९३) ।

यो अवधारणा महिलालाई पुरुषलाई भन्दा अगाडि ल्याउने एउटा रणनीति हो । यस अवधारणाले उत्पादन कार्यमा महिलाहरूको पनि महत्त्वपूर्ण भूमिका रहन सक्छ भन्ने तथ्यलाइ जोड दिएको छ । उत्पादनका स्रोतहरू माथि महिलाहरूको पहुँच बढाइ उनीहरूलाई समेट्न सकिएमा महिला पुरुष बीच रहेका असमानता हटाई समानतामा आधारित समाजको निर्माण गर्न सकिने तथ्यमा जोड दिन्छ । यस अवधारणामा महिलाहरूलाई उत्पादनको स्वामित्व दिलाई सक्रिय बनाउने कुराहरू अगाडि ल्याएको छ । विकास प्रक्रियामा महिलाहरूलाई एकीकृत गराउन सके महिलाका समस्याहरू समाधान हुने निष्कर्ष यस अवधारणामा पाइन्छ । यस अवधारणाले कानून, शिक्षा, तालिम जस्ता पक्षमा महिलाको समान पहुँचमा जोड दिन्छ (मोस्से, १९९३) ।

## ख) महिला र विकास अवधारणा

महिला रणनीति अन्तर्गत जब महिला अवधारणा असफल भयो तब यो धारणा अगाडि आयो । विकासमा महिला अवधारणाले महिलाको वास्तविक उन्नति गर्न नसकेको र विकासको मूल प्रवाहमा उनीहरूलाई समाहित गर्न नसकेको भन्ने आलोचना गर्दै सन् १९७० को उत्तरार्द्धमा महिला र विकास नामक अवधारणा देखा पऱ्यो । आधुनिकीकरणको सिद्धान्तमा आधारित विकासको रणनीतिले अविकसित राष्ट्रहरूको स्थिति अझ दयनीय बन्दै गयो । आधुनिकीकरण तथा विश्वव्यापीकरणले गर्दा महिलाहरूको विकासको विकास नभई अविकास हुन गयो । अवधारणामा झन् महिलाहरूलाई उत्पादनमा भन्दा पुनः उत्पादनमा जोड दिइयो । सामाजिक संरचनामा सुधार, महिला विरूद्ध हिंसाको सवाल आदिमा खासै केही भएन । माथिबाट तल जाने विकासको रणनीतिले विकास हुन सकेन । यसै पृष्ठभूमिबाट परनिर्भरता सिद्धान्तमा आधारित भई महिला र विकास अवधारणा अगाडि बढेको पाइन्छ । यस अवधारणाले समाजमा महिला र पुरुष बीच फरक सम्बन्ध रहने तथ्य अगाडि साऱ्यो । यस अवधारणा अन्तर्गत पनि गरीब महिलाहरू झन्झन् गरीब बन्ने सम्भावना रह्यो (ओझा, २०५६) ।

यो महिला र विकास अवधारणाले स्रोतको समान वितरण, समान पहुँच, उत्पादन आदिमा जोड दिन्छ । यसले पुनत्पादन र विकास प्रक्रियामा महिलाको सवाललाई व्यवस्थित

गर्नुपर्ने पक्षमा जोड दिएको छ । सम्पत्तिमा महिलाको अधिकार हुनुपर्ने, सम्पत्तिको पुनर्वितरण हुनुपर्ने कुराहरूमा जोड दिएको छ । यस अवधारणाले महिला केन्द्रित विकास मात्रै भन्दा पनि विकासमा पुरुष सरह महिलाको सहभागितामा जोड दिन्छ । यसै अवधारणामा महिला र पुरुषलाई विकास अभियानमा सँगसँगै राख्नुपर्ने कुरा बताइन्छ । यसैगरी महिलाको यौनिकता माथि पुरुषले नियन्त्रण नगरी महिला स्वयम्ले नियन्त्रण गर्ने अवसर प्रदान गर्नुपर्दछ भन्नेमा आफ्नो आवाज बुलन्द गर्दछन् (वेनेट, १९९३) ।

## ग) जेन्डर र विकास

यस अवधारणामा विकासमा महिला अवधारणा तथा महिला र विकास अवधारणा जस्ता दुबै विकल्पका रूपमा अगाडि आएको छ । किनकि यस्ता अवधारणाले महिलाको वास्तविक अवस्थालाई सुधार गर्न सकेनन् । महिलालाई मात्र विकासमा समाहित गर्दा महिलाका दिगो विकास नभएकाले महिला र पुरुष दुबैलाई समतामूलक ढङ्गले समाहित गरेमात्र दिगो विकास हुन्छ भन्दै जेन्डर र विकास अवधारणा १९८० मा देखा पऱ्यो । यस अवधारणाले महिला र पुरुषको सम्बन्धलाई वर्ग, जात, धर्म, लिङ्ग आदिको भूमिका लगायतका पक्षबाट विश्लेषण गर्दछ । समाजमा रहेका सबै स्तरिकीकरणको चर्को विरोध तथा यिनै संरचानहरू वास्तवमा देश विकासको लागि अवरोध भएको कुरा बताउँछ (उप्रेती, २००४) ।

यो अवधारणा समाजवादी महिलावादमा आधारित छ । यस अवधारणाले महिला वर्गीय सम्बन्धलाई जोढ दिन्छ । यसले वर्ग र लैङ्गिक दमनलाई मात्र सामाजिक दमनका रूपमा नलिएर जातजातियता, उमेर, लिङ्गको व्याख्या गर्ने गर्दछ । यसले महिला र पुरुष बिचको सम्बन्धलाई समतामूलक बनाउनु पर्नेमा जोड दिन्छ । महिला हक, हित र अधिकार सम्बन्धी कानून एवं नियममा सुधार गर्नुपर्ने बताउँदछ । महिलाको राजनीतिक सहभागिता वृद्धि गर्नुपर्ने, सामाजिक आन्दोलनलाई सशक्त रूपमा अगाडि बढाउनु पर्नेमा जोड दिन्छ । समग्रमा यसले दिगो विकास, समतामूलक विकास र सहभागितामूलक विकासलाई जोड दिएको छ (आचार्य र वेनेट, १९८१) ।

जेन्डर र विकास धारणाले विकासमा महिला र पुरुषको असमान सामाजिक साँस्कृतिक तथा अन्य भूमिकालाई सम्बोधन गर्दछ । यस अवधारणामा महिला सशक्तीकरण सिद्धान्त, सामाजिक सम्बन्ध अवधारणाको प्रयोग भएको पाइन्छ । जेन्डर र विकास

सिद्धान्तले महिलाको उत्पादन, पुनउत्पादन र सामुदायिक भूमिकालाई जोड दिन्छ । महिला सशक्तीकरण सिद्धान्तले समुदायमा रहेका महिला र पुरुष बीचको असमान शक्ति सम्बन्धको सम्बोधन गर्दछ (उप्रेती, २००४) । वर्तमान अवस्थामा यो अवधारणामा लोकप्रिय, दिगो र दिर्घकालिन हुने र यसले दिगो विकासको लागि महिला र पुरुषको लागि सहअस्तित्व स्वीकारेको छ । तसर्थ, यो महिला र पुरुष विकासको लागि राम्रो रणनीति बनेको छ ।

### २.१.४ लैङ्गिक अवधारणाहरूलाई बोध गर्ने नारीवादी चिन्तनहरू

यस अध्यायमा यस सिद्धान्तलाई सहयोग गर्ने तथा महिलालाई पुरुष समान राजनीतिक, आर्थिक र सामाजिक अधिकार स्थापित गर्ने मान्यताका आधारमा कार्यरत, नारीवादी धारहरू यसप्रकार छन् ।

**क) महिलावादी सिद्धान्त**

महिलावाद एउटा यस्तो दृष्टिकोण हो, जसले महिलाको सामाजिक आर्थिक, राजनीतिक पक्षलाई बुझ्ने प्रयास गर्दछ जुन सन् १९६० को दशकपछि व्यापक रूपमा प्रयोग भएको पाइए पनि यसको शुरुवात निकै अगाडिदेखि भएको पाइन्छ । महिलावादको कुनै पनि सर्वमान्य परिभाषा छैन । यसको परिभाषा र रूप समय र समाजअनुसार फरक फरक हुन्छ । जुन समाजको आर्थिक, सामाजिक स्थिति समझदारी र चेतनामा निर्भर गर्दछ । महिलाको शिक्षा, चेतना, स्तर, वर्गअनुसार महिलाहरूले भिन्न-भिन्न तरिकाबाट आ-आफ्ना अभिव्यक्ति प्रकट गर्दछन् । महिलावादका सम्बन्धमा एउटा यस्तो परिभाषा रहेको छ । "समाजमा काम गर्ने ठाउँमा परिवारमा हुने महिलाको दमन एवं शोषणविरुद्ध चेतनाको विकास र महिला पुरुष दुवैद्वारा यो अन्यायपूर्ण अवस्था बदल्ने दिशामा जागरूक सक्रियता नै महिलावाद हो" ।

नेपालजस्तो अविकसित तथा सांस्कृतिक विविधता भएको देशमा महिलाको अवस्थामा परिवर्तन ल्याउन त्यति सहज र सजिलो छैन । एउटी महिला जब किशोर अवस्थामा पुग्छिन् र वैवाहिक बन्धनमा बाँधिन योग्य हुन्छिन्, त्यतिबेला ती महिलाले आफ्नो कर्तव्यको बारेमा बोध गर्छिन् न कि अधिकारको बारेमा । महिलालाई नारी सधैँ पुरुषको आश्रयमा रहनुपर्छ भनेर सिकाइन्छ, तर छोरासरह छोरीको पनि पैतृक सम्पत्तिमा हक हुन्छ भन्ने कुरा उसलाई थाहा हुँदैन । महिलालाई छोरी, पत्नी तथा आमाको रूपमा हेरिन्छ,

उसको आफ्नो स्वतन्त्र पहिचान हुँदैन (आचार्य, २०६१) । महिलावादी सिद्धान्तका प्रमुख मतहरू निम्न छन् । आमूल महिलावाद, मार्क्सवादी महिलावाद, समाजवादी महिलावाद र उदारवादी महिलावाद ।

**ख) मार्क्सवादी महिलावाद**

मार्क्सवादी महिलावादले वर्गीय आधारमा समाजको व्याख्या र विश्लेषण गर्न सकेमा महिलामाथिका दमन, विभेद, असमानता जस्ता पक्षलाई हटाउन सकिन्छ भन्ने कुरामा जोड दिएको छ । महिलामाथिको शोषण, दमन तथा अत्याचार पूँजीवादी संरचना र पितृसत्ताबाटै भएको निष्कर्ष महिलावादीहरूको छ । पूँजीवादी प्रथालाई नहटाएसम्म महिलाहरूले समान हक र अधिकार प्राप्त गर्न सक्दैनन् भन्ने तर्क मार्क्सको रहेको छ । किनकि पूँजीवादी प्रथाले महिलाको शोषण गरेको छ । मार्क्सवादले महिला र पुरुषबीच रहेको असमान शक्ति सम्बन्धलाई जोड दिन्छ । यसैका आधारमा लैङ्गिक सम्बन्धको विकास र व्यवहारिक यथार्थतालाई जोड दिन सकिन्छ । यस्तो खालको असमान शक्ति सम्बन्ध भनेको पुरुष शक्तिवान् र महिला शक्तिहीन हुनु हो । मार्क्सले महिलापुरुषबीच रहेको असमान शक्तिसम्बन्धलाई विश्लेषण गर्दै भनेका छन् कि पूँजीवादी समाजमा जसरी पूँजीपतिहरूले साधन स्रोतमाथि नियन्त्रण गरे त्यसरी नै महिलाहरू श्रमजीवी भएका छन् । अर्कोतिर महिला र पुरुषबीचको सामाजिकीरणको प्रक्रियाले महिला र पुरुषबीच मनोवैज्ञानिक र कार्यगत असन्तुलन र असमानताहरू समाजमा स्थापित गर्ने कार्यहरू भए जसले गर्दा महिलाहरूको स्रोतमाथि पहुँच घट्ने, शिक्षा, रोजगार तथा अन्य गतिविधिमा संलग्नताको पहुँच कमजोर रह्यो ।

मार्क्सवादी महिलाहरू महिला र पुरुषबीचको सम्बन्ध वैज्ञानिक आधारमा विश्लेषण गर्दछन् । जसमा महिलाहरूमाथि रहेका सामाजिक, आर्थिक तथा सांस्कृतिक विभेदहरूको अन्त्य गरी उत्पादन शक्तिमाथिको पहुँच बढी मजबूत गर्नुपर्ने तथ्यमा जोड दिन्छन् । मार्क्सवादी महिलावादअनुसार समाजको विश्लेषण जसरी वर्गीय आधारमा गर्नु जरुरी छ, त्यसरी नै लैङ्गिक आधारमा गर्नु आवश्यक छ (गिडिन्स, २००१) ।

## २.२ पूर्व अध्ययनको समीक्षा

### २.२.१ व्यूटीपार्लर व्यवसाय

मानव सभ्यताको प्रारम्भिक समयमा पनि शृङ्गारको महत्व अति नै रहेको तथ्य पौराणिक रचनाहरूमा पाइन्छ । प्राचीन समयमा श्रेष्ठ परिवार तथा महारानी पटरानीहरूको सुसारको लागि घरमा आफ्ना सुसारेहरू राख्ने गरिन्थ्यो, त्यस्ता सुसारेहरूले कोरीबाटी, टीका पहिरन आदिमा विशेष ख्याल राख्दथे । मानिस सुन्दर पक्षको लागि घरमा अनुहार, शरीर हात खुट्टा तथा कपालमा घरायसी तथा जडीबुटी औषधीको प्रयोग गर्दथे जसले गर्दा उनीहरूको शरीर, अनुहार, कपालमा चमक देखिन्थ्यो, तर आजभोलि घरायसी सामानहरूको सट्टा केमिकलयुक्त क्रिमहरूको प्रयोग अनुहार कपाल, शरीर तथा हातखुट्टामा गर्ने गर्दछन् । व्यूटीपार्लर गएर आफूलाई सुन्दर बनाउने इच्छा, चाहाना मानिसहरूको हुन्छ । त्यसैले प्राचीन सभ्यतामा भन्दा आधुनिक सभ्यतासँगै सौन्दर्यकर्मी  पेशा विशेष लोकप्रिय हुँदै आएको पाइन्छ र विकसित हुँदै आएको पनि छ ।

सौन्दर्यकर्मी पेशा र यस पेशामा आवद्ध पेशाकर्मीहरूको आफ्नो पेशाप्रतिको चाहाना, अपेक्षा र सन्तुष्टिको सम्बन्धमा विस्तृत अध्ययन भएको छैन । विश्वमा पूँजीवादी खुला अर्थनीतिको विकास जुन रूपमा हुँदै आयो फेसन डिजायनका कुराहरू जति व्यापक भए त्यही रूपमा सौन्दर्यकर्मी पेशा र सौन्दर्य, सेवाको प्रचार प्रसार व्यापक हुँदै आएको छ ।

सौन्दर्यकर्मी  पेशाको ऐतिहासिक काल र यसको महत्त्वको सम्बन्धमा कृष्ण भण्डारी "मुमुक्षु" ले चर्चा गर्नुभएको छ । उहाँले शृङ्गारको महिमा मानिसलाई मात्रै नभएर काव्य, धर्म, कर्म सबैमा हुन्छ । शृङ्गारपटार नगरिएका देवी देवताको पनि शोभा हुँदैन भनिन्छ । शृङ्गारको महिमा आदि-अनादिकालदेखि नै चलिआएको हो । शृङ्गारले मानव हृदयलाई आकर्षण गर्दछ, जुन मानवजीवनका विभिन्न पक्षसँग आबद्ध हुन्छ । शृङ्गार मानिसको जीवनमा राग जगाउने तत्व हो । जुन वालक, वृद्ध तथा यौवन अवस्थाका सम्पूर्ण मानिसहरूमा देखिएका। कसैले जन्मैदेखि सुशोभित शरीर पाउँछन् भने कसैले जीवनलाई सजाउन शृङ्गारको प्रयोग गर्दछन् ।

आजको युगमा मानिसहरू सबैले जानी नजानीकन सौन्दर्यकै उपासना गरेका हुन्छन् । शृङ्गारसँग व्यक्तिका हरेक पक्षहरू (धर्म, व्यक्तित्व, प्रतिष्ठा, यात्रा, व्यापार, व्यवसाय, दाम्पत्य जीवन) को व्यापकता जोडिएको छ ।

### क) शृङ्गार र धर्म

प्रत्येक मानिसले आफूलाई जति माया गरेको हुन्छ त्यतिकै माया आफ्नो धर्मप्रति गरेको हुन्छ । आफ्ना पूर्खाहरूले अवलम्बन गर्दै आएका चाडपर्व, संस्कार, मूल्यमान्यतालाई स्वीकार्दै प्रत्यक्ष, अप्रत्यक्षरूपमा मानिसले शृङ्गारलाई जोड दिँदै आएका हुन्छन् (बहुवार, २०६०) ।

### ख) शृङ्गार र व्यक्तित्व

हरेक व्यक्तिले आफ्नो स्वतन्त्र व्यक्तित्वलाई चिनाउन शृङ्गारको आवश्यक छ । सफा, सुन्दर र चिटिक्क परेर हिंड्ने मान्छेको तुलनामा झुत्रे, अल्छी मान्छेको व्यक्तित्व कमजोर अवश्य हुन्छ । आफू जसरी सुन्दर र आकर्षक देखिन्छ, त्यस्तै बन्नको लागि आजभोलि मानिसहरू विशेष गरी महिलाहरू आफ्नो अनुहार तथा केश सिगार्न साथै विभिन्न फेसन डिजाइनका लुगाहरू लगाउन खोज्छन्, जसमा उनीहरूको वाह्य व्यक्तित्व आकर्षक रहेको हुन्छ । अतः शृङ्गारले व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्छ (बहुवार, २०६०) ।

### ग) शृङ्गार र प्रतिष्ठा

व्यक्तिले आफूलाई देशकाल र परिस्थिति अनुकूलको पोषाक, गहना, आभूषण आदि लगाउन खोज्दछ : जसले व्यक्तिको प्रतिष्ठालाई बढाउने काम गर्दछ (बहुवार, २०६०) ।

### घ) शृङ्गार र यात्रा

यात्रा मानव जीवनको अभिन्न ईच्छा हो । हरेक मानिसले नजिक वा टाढाको जुनसुकै यात्रामा भए पनि आफूलाई सुन्दर राख्नु सभ्यता मानिन्छ । प्रत्येक ठाउँका विशेष कपडा वा वस्तु किनेर तिनीहरूको प्रयोग गर्ने प्रचलनले गर्दा पनि यात्रासँग शृङ्गारको महत्व रहेको छ (बहुवार, २०६०) ।

### ङ) शृङ्गार र व्यापार व्यवसाय

मानिसले कुनै न कुनै काम नगरी जीविका चलाउन सक्दैन, त्यस्तो काममध्ये सजिलो काम भनेको व्यापार व्यवसाय हो । पर्यटन व्यवसाय, होटल व्यवसाय, कृषि व्यवसाय, सञ्चार व्यवसाय, फिल्म व्यवसाय, व्यूटीपार्लर  व्यवसाय, रोजगारमूलक व्यवसाय गर्दा शृङ्गारको महत्व हिजोभन्दा आज र आजभन्दा भोलि बढ्दै जाने देखिएका (बहुवार, २०६०) ।

### च) शृङ्गार र दाम्पत्य जीवन

दाम्पत्य जीवन सुखी राख्नमा शृङ्गारको भूमिका महत्त्वपूर्ण हुन्छ । जो कोही मानिस दम्पतीहरूको जोडा मिलेको छ छैन, उनीहरूको रहन सहन मिलेको छ छैन भनेर वर्णन गर्ने खालका हुन्छन् । यसबाट प्रष्ट हुन्छ कि दाम्पत्य जीवन रोज्ने जोडीले शारीरिक शृङ्गारको ख्याल गर्नु शोभनीय हुन्छ (आइन्स्टाइन, १९९४) ।

सौन्दर्यकर्मी  पेशाका सम्भाव्यता र गतिविधिहरूका सम्बन्धमा "नारी" महिला मासिकमा उल्लेख भएअनुसार सुन्दरता सबैका लागि अपरिहार्य भैसकेको छ । सबैलाई सुन्दर बनाउने होडमा सयौं व्यूटीपार्लरहरू खुलेका छन् । यस्ता व्यूटीपार्लरमा न्यूनतम कक्षा ८ उत्तीर्ण गरेका र अधिकतम स्नातक तह सिध्याएका महिलाहरूले विशेष गरी यस पेशाको तालिम बढी मात्रामा लिएका छन् । समयको गतिसँगै यस क्षेत्रको शैक्षिक गुणस्तर पनि वृद्धि हुँदै गएको देखिएको छ । समयको मागसँगै महिला तथा पुरुषहरू विशेष गरी महिलाहरू सुन्दरतातर्फ सचेत हुँदै गएकाले यस पेशाले व्यावसायिक रूप लिन सफल भएको छ (वैद्य, २०६३) ।

सामान्य मानिसलाई सुन्दर बनाउन व्युटीपार्लरको महत्त्वपूर्ण भूमिका रहेको छ । विभिन्न प्रविधिको सहायताबाट मानिसलाई सुन्दर बनाउन सकिने कुरा नेपालकै पहिलो वरिष्ठ सौन्दर्यकर्मी विना वैद्य बताउँछिन् (नारी, २०६०) । महिलाहरूको लागि शृङ्गार एउटा सौख बनेको छ । जसले गर्दा संसारमा फेसन व्यवसाय फस्टाउँदै गएको छ । सौन्दर्यको विश्लेषण, यसका विविध पक्षहरूको चर्चा गर्दै यस पेशाप्रति पेशाकर्मीहरूको आकर्षण दिनप्रतिदिन बढेको र उपभोक्ताहरू पनि आफ्नो सुन्दरता बढाउनाका लागि व्यूटीपार्लर जाने क्रम बढ्दो छ । मानिसले झट्ट हेर्दा पहिला उसको नजर व्यक्तिको मुहारमा

पर्ने हुनाले मुहारको सुन्दरता नै सुन्दरताको पहिलो कडी हो भन्ने कुरालाई डा.सुशील कोइरालाले चर्चा गर्नुभएको छ । उहाँका अनुसार सौन्दर्यले विशेष गरी शारीरिक सुन्दरतामा जोड दिन्छ अथवा आँखाले देखेर बुझिने वा महसूस गर्न सकिने कुरा नै सौन्दर्य हो, जुन आफूलाई हेर्दा राम्रो लाग्छ र जति हेरे पनि हेरिरहन मन लाग्छ र आनन्दको अनुभूति हुन्छ (वैद्य, २०६३) ।

विश्वमा बहुचर्चित हुँदै आएको नारीवादी आन्दोलनले पनि यस पेशालाई महत्त्व दिँदै आएको छ । यसै सन्दर्भमा महिलावादी पत्रिकाको प्रकाशन भएको छ । नेपाली सौन्दर्यकर्मी महिलाहरूले हङ्कङ् लगायत विश्वका कतिपय मुलुकहरूमा यो पेशा सञ्चालन गर्दै आएका छन्, जसबाट महिलाहरू पनि नेपालमा मात्रै नभएर अन्य देशहरूमा गएर आफ्नो सीप र क्षमतामा वृद्धि गराई आफूलाई आत्मनिर्भर गराउन सक्छन् । यसको अलवा यस पेशाप्रति उनीहरूको जागरूकता र रुचि बढेको तथ्य “हङ्कङ्मा लोकप्रिय नेपाली पार्लर” भन्ने लेखबाट जानकारी भएको छ (श्रेष्ठ, २०६४) । बहिरा महिलालाई व्यूटीपार्लर तालिम भन्ने लेखबाट अपाङ्ग महिलाहरू पनि यस पेशाप्रति आकर्षित भएर आफ्नो जीविकोपार्जन गर्न सक्षम भएका छन् भने तथ्य स्पष्ट भएको छ (वैद्य, २०६३) ।

उपर्युक्त तथ्यहरूको अलवा नेपालकै सुन्दर नगर मानिने पोखरामा १५० भन्दा बढी व्यूटीपार्लरहरू रहेको र १५० वटा व्यूटीपार्लरहरू व्यवस्थित रूपले व्यावसायिक दृष्टिकोणले सञ्चालन भएका छन् । विगत १६/१७ वर्ष अगाडिदेखि नै यस पेशाले निरन्तरता पाएको भए तापनि सौन्दर्यकर्मी पेशाकर्मीहरूले सङ्गठन खोल्नसकेका थिएनन् । हाल आएर सौन्दर्यकर्मी पेशाकर्मीहरूको साझा संगठनको रूपमा व्यूटीपार्लर प्रोफेसनल एसोसिएसन पोखरा, कास्की नेपालको गठन भएको छ । वि.सं. २०६१ साल मंसीर २५ र २६ गतेको अधिवेशनबाट निर्णय गरी २०६२ साल वैशाख १५ गते विधिवत्रूपमा यस संस्थाको स्थापना भएको हो । जुन दिन सौन्दर्यकर्मी महिलाहरूको लागि ऐतिहासिक दिन बन्यो र पोखराको इतिहासमा सौन्दर्यकर्मी को संस्थागत कार्य प्रारम्भ भयो प्राकृतिक सौन्दर्यलाई संरक्षण गरी आवश्यक सौन्दर्यको आवश्यकता परिपूर्तिका लागि अनि आत्मनिर्भर भई जिउने आकाङक्षा बोकेका ब्युटीसियनहरूको इच्छा पूरा गरी सौन्दर्यकर्मी महिलाहरूभित्र रहेका विविध प्रतिभालाई बन्द कोठामा मात्र सिमीत नराखी महिलाहरूको हक अधिकारसँगै आ-आफ्ना व्यावसायिक सीप दक्षताको अभिबृद्धिका लागि सौन्दर्यकर्मीहरू सकारात्मक सोचाइ र

उत्साही भावनाले ओतप्रोत छन् । हाल कास्की जिल्लामा ४ वटा व्यूटीपार्लरसँग सम्बन्धित संगठनहरू छन् (व्यूटीपार्लर प्रोफेशनल एशोसियसन पोखरा, कास्की) ।

महिलाहरू हरेक क्षेत्र (राजनैतिक, आर्थिक, शैक्षिक) मा पछाडि रहेका छन् । उनीहरूको चेतनास्तर, आर्थिकस्तर सुदृढ गर्न महिलाहरू आफै जागरूक हुनुपर्छ । महिलाहरू जागरूक हुनका लागि विभिन्न पेशा र व्यवसायमध्येको सजिलो व्यवसाय व्यूटीपार्लर हो, जसले महिलाहरूको आर्थिक अवस्थामा सुधार ल्याएको छ र आर्थिकरूपले सशक्त बनाएको छ (वैद्य, २०६३) । आजभोलि सौन्दर्यकर्मी  पेशा शहर केन्द्रित समाजमा सम्मानित व्यवसायको रूपमा देखिएको छ । धेरै बेरोजगारी महिलाहरूलाई रोजगार दिएको छ । महिलाहरूलाई आत्मनिर्भर बनाई मनोबल प्रदान गर्नुका साथै आफ्नो घरपरिवार राम्रोसँग चलाएर बचत गर्नसमेत महिलाहरू सफल भएका छन् । यति हुँदाहुँदै पनि यस पेशाले जति फड्को मार्न सक्नुपर्थ्यो, त्यो हुन सकेको छैन (श्रेष्ठ, २०६६) ।

उपर्युक्त तथ्यहरूको अलवा विभिन्न समारोहहरूमा सौन्दर्यकर्मी महिलाहरूले आफ्ना दृटिकोणहरू राखेको पाइन्छ । महिलाहरूभित्र रहेका विविध प्रतिभालाई एउटा बन्द कोठामा मात्रै नराखी महिलाहरूको हक र अधिकारसँगै व्यावसायिक सीप र दक्षताको अभिवृद्धि गर्नुपर्छ भन्ने कुरालाई सौन्दर्यकर्मी महिलाहरूले जोड दिएका छन् । समाजको परम्परागत सोचाइ र सामाजिक बनोटले गर्दा पश्चिमी सभ्यतामा भैँ यो पेशा खुल्ला र पारदर्शी नरहेको कारण यस सम्बन्धमा अन्य विधाका तुलनामा कमै चिन्तन र लेखन भएको पाइन्छ ।


नेपालका महिलाहरूको अवस्थाको बारेमा मीना आचार्यले परम्परागत नेपाली समाजमा जात, वंशज र पारिवारिक अवस्थाले गर्दा महिलाहरूको सामाजिक सम्बन्ध तथा स्तरमा शोषण गरेको । यस्तै तत्वहरूले गर्दा समाजपिच्छे महिलाहरूको अवस्था फरक-फरक रहेको पाइन्छ (कोइराला, २०६६) । नेपाली महिलाहरूको अवस्था विकसित मुलुकको भन्दा निकै दयनीय छ । २१ औ शताब्दीसम्म आईपुग्दा पनि ग्रामीण समुदायका महिलाहरू अझै १९ औ शताब्दीको जीवन बाँचिरहेका छन् । यहाँको पितृसत्तात्मक सोच अन्धविश्वास, रुढीवादी परम्परा, गरीबी, अशिक्षाले गर्दा नै महिलाहरू हरेक कुरामा पछाडि परेका छन् । उनीहरूलाई शिक्षा, चेतना र सशक्तीकरणको खाँचो छ  (कोइराला, २०६६) ।

## २.३ अवधारणात्मक ढाँचा

व्यूटीपार्लर व्यवसायको लागि देशको सामाजिक तथा आर्थिक पक्षको महत्वपूर्ण भूमिका रहन्छ । नेपालको गुरुङ तथा जनजाति समाजमा यो पेशाको राम्रो विकास भएको छ । जति पनि ठाउँमा व्यूटीपार्लर व्यवसायको विकास भएको छ ती ठाउँहरूमा गुरुङ, मगर, नेवार, तामाङ्ग आदि जस्ता समुदायहरूका महिलाहरू रहेको पाईन्छ । व्यूटीपार्लर विकासको लागि परिवारको सहयोगको ठूलो महत्त्व रहेको हुन्छ । यो पेशामा सहभागी महिलाहरूलाई पारिवारिक राम्रो सहयोग हुनुपर्छ र यस्तो पारिवारिक सहयोगले उनीहरूलाई व्यूटीपार्लर व्यवसायको क्षेत्रमा सफल रहन ठूलो भूमिका खेल्छ । सौन्दर्यकर्मी को विकासले घरपरिवार तथा महिलाको जीवन स्तरमा राम्रो परिवर्तन ल्याउँछ । व्यूटीपार्लरमा सहभागी सौन्दर्यकर्मी महिलामा आएको परिवर्तनले आर्थिक तथा सामाजिक रूपान्तरणमा परिवर्तन ल्याउँछ ।

**चित्र २.१ अवधारणात्मक ढाँचा**

यो अवधारणात्मक प्रतिचित्रमा सामाजिक संरचना अन्तर्गत आर्थिक पक्षहरू र सामाजिक पक्षहरूको व्याख्या गर्दै व्यूटीपार्लर व्यवसायमा महिला सहभागिता अन्तर्गत रहेका विभिन्न समस्याहरू र परिवर्तनहरूको विश्लेषण गरिएको छ ।



व्यूटीपार्लर पेशा तथा व्यवसायी आज विश्वभरि विकास भईरहेको अवस्थामा नेपाली समाजमा रहेका महिलाहरू पनि यो पेशामा बिस्तारै आबद्ध हुँदै आइरहेका छन् । यो पेशा/व्यवसाय सञ्चालनको लागि सक्रिय उमेर, सीपको महत्वपूर्ण भूमिका रहेका हुन्छ, यसर्थ २५ वर्षदेखि नै यो पेशामा काम गर्ने महिलाहरूको सङ्ख्या बढ्दै जान थालेको देखिन्छ, जुन आय आर्जन र शैक्षिक दृष्टिकोणले राम्रो मानिन्छ । व्यूटीपार्लर पेशा तथा व्यवसाय सञ्चालनका लागि सीप तथा आर्थिक पक्षहरू राम्रो हुनुपर्छ । आज नेपाली महिलाहरूको लागि यो पेशा विकास गर्न उनीहरूलाई आर्थिक पक्ष तथा सिपमूलक तालिम प्राथमिकता बनेको छ । व्यूटीपार्लर पेशा तथा व्यवसायले गर्दा उनीहरूको आर्थिक पक्षमा सुधार आई पारिवारिक, वैवाहिक तथा शैक्षिक अवस्थामा पनि सुधार ल्याएको छ, जुन परिवर्तनले गर्दा महिलाहरूको स्रोत साधन तथा आय आर्जनमा पहुँच बढेको छ । जसले गर्दा महिलाले यो पेशा तथा व्यवसाय गर्न हुन्न भन्ने वा हुन्छ भन्ने आम मान्यतामा परिवर्तन आई महिलाहरूको जीवनमा पनि परिवर्तन ल्याएको छ । जुन परिवर्तनले महिलाको व्यूटीपार्लर पेशामा सहभागिता तथा आबद्धतालाई बढाएको छ ।

यस अवधारणात्मक चित्रबाट व्यूटीपार्लर पेशामा सहभागी महिलाको विचार, ज्ञान, सीप र सामर्थ्यमा परिवर्तन आएको देख्न सकिन्छ, जुन उनीहरूको लागि सामाजिक र आर्थिक पक्षको आधार बनेको छ । यसले सामाजिक र आर्थिक पक्षमा रहेको समस्याहरूलाई कम गर्न सहयोग मिलेको छ । यसबाट महिलाको व्यूटीपार्लर सिप, क्षमता तथा आम्दानीमा परिवर्तन भएको छ । जुन आम्दानीमा भएको परिवर्तनले महिलाहरूको जीवनस्तरमा परिवर्तन ल्याएको छ ।

# अध्याय तीन

# अनुसन्धान विधि

यस अनुसन्धान विधिमा अनुसन्धानको क्रममा गरिएका पद्धतिहरूको उल्लेख गरिएको छ। अनुसन्धानको क्रममा सङ्ख्यात्मक र गुणात्मक तथ्याङ्क तथा सूचना सङ्कलन गर्न विभिन्न विधिहरू अपनाईएका छन्। यो अध्यायमा शोध-पत्रको लागि अध्ययन क्षेत्र छनौटको औचित्य, तथ्याङ्कको प्रकृति र स्रोतहरू, तथ्याङ्क सङ्कलन विधि, तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरणलाई प्रस्तुत गरिएको छ।

## ३.१ अनुसन्धानको ढाँचा

यो अध्ययन व्याख्यात्मक र विष्लेषणात्मक दुबै ढाँचामा गरिएको छ। यस अध्ययनमा प्रत्यक्ष महिला व्यवसायीसँग स्थलगत भेटघाट गरि उनीहरूको बारेमा विस्तृत जानकारी लिइएको छ। अध्ययनको क्रममा सङ्कलित यथार्थ वस्तुस्थिति विवरण, सूचनाहरू र तथ्याङ्कहरूलाई वर्णनात्मक र विष्लेषणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ।

सामाजिक सम्बन्ध, घटना, व्यवहार, समस्याबारे सत्य तथ्य पत्ता लगाउन वैज्ञानिक विधिद्वारा अनुसन्धान हुनुपर्दछ। अनुसन्धानको उद्देश्यको नजिक पुगेर सत्य तथ्य सूचना संकलनको लागि हरेक शोधकर्ताले अनुसन्धानको प्रारम्भ देखि अन्त्य नहुँदासम्म वैज्ञानिक एवम् व्यवस्थित अनुसन्धान विधि अवलम्बन गरिनेछ। यस कारण हरेक शोध अनुसन्धानमा अनुसन्धान विधीको महत्वपूर्ण भूमिका हुने गर्दछ। वैज्ञानिक पद्धतिका आधारमा गरेको खोज अनुसन्धानले मात्रै समाजको वास्तविकताको प्रतिनिधित्व गर्न सक्छ। वैज्ञानिक एवम् व्यवस्थित शोध अनुसन्धानबाट प्राप्त तथ्याङ्कहरूलाई प्रशोधन, तालिकीकरण, विश्लेषण र प्रतिवेदन तयार पार्ने कार्य पनि निश्चित विधिभित्र रहेर गरिएको छ। शोधपत्रलाई पूर्ण बनाउनका लागि प्राथमिक र द्वितीय दुवै प्रकारका श्रोतहरू समावेश गरिएको छ। यी तथ्याङ्कका श्रोतहरूलाई पनि व्यवस्थित क्रममा गरिएको छ।

## ३.२ अध्ययन क्षेत्रको छनोट र औचित्य

शोध अध्ययनलाई निष्कर्षमा पुऱ्याउनका लागि अध्ययन क्षेत्रको छनौट कार्यलाई महत्वपूर्ण मानिन्छ। आवश्यक सूचना प्राप्त गर्ने क्षेत्र छनौट गर्न सकिएन भने जतिसुकै

राम्रो शीर्षक चयन गरेतापनि सूचना प्राप्त गर्न कठिन हुने गर्दछ । यो शोध अध्ययन तयार पार्नका लागि कास्की जिल्ला, पोखरा महानगरपालिकाको वडा नं ९ न्यरोड बजारक्षेत्र लाई छनौट गरिएकोछ । यस क्षेत्रमा व्युटीसियन पेशामा आबद्ध महिलाहरूलाई उत्तरदाताको रूपमा छनौट गरिएकोछ । यस अध्ययन क्षेत्र छनौट गर्नका निम्न कारणहरू रहेका छन् । अर्थात यस अध्ययन क्षेत्र छनौटको औचित्यलाई निम्न आधारमा पुष्टि गरिएको ।

- महिलाहरूका लागि व्युटिसियन पेशा अत्यन्तै आकर्षिक पेशा हो र यस सम्बन्धी कमै अध्ययन अनुसन्धान भएकोले यो अध्ययनको आधारमा यो पेशाको उचित प्रचार प्रसार तथा विस्तार एवं व्यापकताका लागि व्यूटिसियन पेशाप्रति स्वयम् सौन्दर्यकर्मी र समाजको धारणा तथा दृष्टिकोणको खोजी गर्न ।
- यो व्यूटीसियन व्यवसायप्रति समाजका धारणाहयो व्यूटीसियन व्यवसायप्रति समाजका धारणाहरू स्पष्ट गराई यो पेशामा काम गर्ने सौन्दर्यकर्मी  महिलाहरूलाई अझ प्रेरणा, हौशला र प्रोत्साहन दिलाउन सकिने भएकोले ।
- अध्ययन क्षेत्रमा संकलन पारिएका तथ्याङ्कहरू अन्य समाजशास्त्रीय, विकास कार्यकर्ता, विद्यार्थी लगायतलाई मार्ग निर्देशन हुने भएकाले ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोतहरु

तथ्याङ्कहरु मात्रात्मक र गुणात्मक प्रकृतिका हुने गर्दछन् । शोध अनुसन्धानको उद्देश्य पूरा गर्नका लागि यस शोध अध्ययनमा पनि गुणात्मक र मात्रात्मक प्रकृतिका तथ्याङ्कहरु संकलन गरिएनेछ । अंकमा गणना गर्न सकिने पक्षलाई विश्लेषण गर्न मात्रात्मक प्रकृतिका तथ्याङ्कहरु संकलन गरिएको छ भने सामाजिक पक्षहरु जान्न, थाहा पाउनका लागि गुणात्मक समावेश गरिएको छ । तथ्याङ्क संकलन गर्ने क्रममा एकै प्रकारका तथ्याङ्कहरुबाट मात्र शोधअध्ययन पूर्ण नहुने भएकोले मुख्यतः दुई किसिमका क्षेत्रहरुबाट तथ्याङ्क संकलन गरिएको । जुन निम्न प्रकारका छन् ।

### ३.३.१ प्राथमिक स्रोत

शोध अध्ययनका लागि आवश्यक सामाग्रीहरुको प्रमुख श्रोतको रुपमा अनुसन्धानकर्ता अध्ययन क्षेत्रमा गएर सूचना संकलन गरिएको । उत्तरदाताहरुबाट प्राप्त प्राथमिक श्रोतले शोध उद्देश्य अनुसार अध्ययन क्षेत्रको वर्तमान अवस्थालाई प्रस्तुत गर्न सहयोग पुग्दछ । जसमा अर्न्तवार्ता अनुसूची, अवलोकन र मूख्य जानकार ब्यक्तिसंगको

अर्न्तवार्ताका माध्यमबाट गुणात्मक एवम् संख्यात्मक दुवै प्रकृतिका तथ्याङ्कहरु संकलन गरिएको ।

### ३.३.२ द्वितिय स्रोत

प्राथमिक स्रोतहरुबाट मात्र शोध अध्ययन पूरा नहुने हुँदा आवश्यता अनुसार द्वितीय श्रोतहरुको पनि प्रयोग गरिएको । द्वितीय श्रोत अन्तर्गत विभिन्न विद्वानहरुका लेख, रचना, बुलेटिन, सरकारी तथा गैरसरकारी संस्थाहरुद्वारा प्रकाशित भएका पत्रपत्रिका तथा प्रतिवेदनलाई समेटेर शोध अध्ययनलाई पूर्णता दिइने छ । द्वितीय श्रोतहरुले अध्ययन विषय वस्तुको विगतको अवस्थालाई प्रतिनिधित्व गर्दछ ।

## ३.४ समग्र नमूना छनोट विधि

शोध अध्ययन कार्यमा समग्र क्षेत्रको तथ्याङ्क संकलन गर्न कठिन हुने गर्दछ । कति र कुन क्षेत्रलाई समग्र मान्ने भन्ने कुरा अध्ययन क्षेत्रको अवस्था, अनुसन्धानकर्ताको समय तथा श्रोत साधनमा निर्भर रहन्छ । जति मात्रामा र जुन विधीबाट गरेतापनि छनौट गरेको नमूनाले समग्रताको प्रतिनिधित्व गरेको हुनुपर्दछ । यस शोध अध्ययनमा कास्की जिल्ला, पोखरा महानगरपालिका न्युरोड क्षेत्रमा रहेका १३ वटा ब्युटिपार्लरमा कार्यरत ४५ जना सौन्दर्यकर्मी महिलाहरुलाई समग्र अध्ययन विधिवाट उत्तरदाताहरूको प्राथमिक तथ्याङ्क संकलन गरिएको छ ।

## ३.५ तथ्याङ्कको संकलन विधि

शोध अनुसन्धान कार्यमा क्षेत्रकार्यबाट तथ्याङ्क संकलन गर्ने विभिन्न विधीहरु हुने गर्दछन् । अनुसन्धानको उद्देश्य, विषयवस्तुको समस्या, अध्ययन क्षेत्रको अवस्था, अनुसन्धानकर्ताको क्षमता, उपलब्ध साधन स्रोत आदीलाई ध्यानमा राखेर तोकिएका उद्देश्य पूरा गर्नका लागि यस शोध अध्ययनमा अर्न्तवार्ता अनुसूची, अवलोकन र मूख्य जानकार व्यक्तिहरुको अन्तरवार्ता विधीबाट तथ्याङ्क संकलन गरिएको छ । जसलाई बुँदागत रुपमा यसरी प्रष्ट पारिएको ।

### ३.५.१ अर्न्तवार्ता अनुसुची

शोध अध्ययनलाई विश्वसनिय एवम् अर्थपूर्ण बनाउनका लागि शोधकर्ता आफैं अध्ययन क्षेत्रमा उपस्थित भएर उत्तरदाताहरु संगै बसेर अर्न्तवार्ता अनुसूचीका आधारमा अध्ययनको उद्देश्य अनुरुप तथ्याङ्क संकलन गरिएको छ । अनुसन्धानका क्रममा पहिले नै

तयार पारिएका प्रश्नहरुको अनुसूची अनुसार उत्तरदाताहरुसँग व्यक्तिगत विवरण, पारिवारीक संरचना आर्थिक हैसियत, सामाजिक प्रतिष्ठा, पेशागत अवस्था, अपेक्षा सन्तुष्टी आदीका बारेमा प्रश्नहरु सोधेर तथ्याङ्क संकलन गरिएको छ । साथै शोधकर्तालाई थप जिज्ञासा भएमा अनौपचारिक कुराकानीका आधारमा पनि प्रश्नहरु सोधेर तथ्याङ्क संकलन गरिएको ।

### ३.५.२ अवलोकन

समाजशास्त्रीय अध्ययन अनुसन्धानमा अवलोकन विधीलाई तथ्याङ्क संकलन गर्ने प्रभावकारी विधीको रुपमा लिने गरिन्छ । अर्न्तवार्ता, अनुसूचीबाट मात्रै शोध अध्ययनका लागि आवश्यक पर्ने सूचना संकलन सम्भव नहुनेहुँदा थप तथ्याङ्कहरु अवलोकन विधीबाट संकलन गरिएको । शोधपत्र तयार गर्ने क्रममा यस पेशासँग सम्वन्धित उत्तरदाताहरुको व्यक्तिगत तथा पारिवारीक पक्ष, शैक्षिक अवस्था, सामाजिक तथा आर्थिक अवस्था आदि शोधकर्ताका आफ्नै आँखाले हेरेर, सुक्ष्म रुपमा अध्ययन गरेर तथ्याङ्क संकलन गरिएको छ । जहाँ मानवीय कमजोरी व्यक्त गर्न कठिन हुन्छ त्यस्तो अवस्थामा अवलोकन विधीद्वारा तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.३ मुख्य सूचनादाताहरूसँग अर्न्तवार्ता अनुसूची

समाजशास्त्रीय अध्ययन अनुसन्धानमा मूख्य जानकार व्यक्ति संग अर्न्तवार्ता गरि सुचना तथा तथ्याङ्क संकलन गर्ने प्रभावकारी विधिको रुपमा लिने गरिन्छ । यस सोध अध्ययनवाट विगत देखि आजसम्मका ब्यूटीपार्लर पेशासँग सम्बन्धित सामाजिक तथा आर्थिक अवस्था पेशा प्रति व्यवसायी स्वमंको दृष्टिकोण आदी पक्षमा अध्ययन गरेर तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.४ वैयक्तिक अध्ययन

कुनै पनि अनुसन्धानको लागि वैयक्तिक अध्ययनको अति महत्त्वपूर्ण हुन्छ । यस अध्ययनमा पनि व्यूटीपार्लर पेशामा लागेका सक्रिय महिलाहरू विभिन्न पक्षको जस्तैः सामाजिक, आर्थिक, साँस्कृतिक आदि पक्षको गहन अध्ययन गरिएको छ । व्यूटीपार्लर पेशाप्रति समाजको दृष्टिकोण बुझ्न विभिन्न व्यक्तिहरू, व्यवसायी, सञ्चारकर्मी, शिक्षक, समाजसेवीहरूसँग अन्तरवार्ता गरि सूचना सङ्कलन गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण एवं प्रस्तुतीकरण

कुनै पनि अनुसन्धान कार्यको प्रमुख अंश भनेको तथ्याङ्क सङ्कलन, तिनीहरूको विश्लेषण एवं सामान्यीकरण हो । सामान्यीकरणको आधारमा निष्कर्षमा पुगिन्छ तर त्यस कार्यको लागि सम्बन्धित घटना वा विषयमा विश्वसनीय र प्रामाणिक तथ्याङ्कहरू सङ्कलन गर्नुपर्दछ ।

तथ्याङ्कहरू व्यक्ति, समूह वा सम्बन्धित संस्थाको मेहनत र परिश्रमबाट सङ्कलन गर्न सकिन्छ । यसका लागि कुन विधि उपयुक्त हुन्छ भन्ने कुरा पहिले नै योजना बनाई सोही विधिको प्रयोग गरि तथ्याङ्क सङ्कलन गर्नुपर्दछ । अध्ययन एवं अनुसन्धान गरिने विषयमा जति धेरै तथ्यहरू सङ्कलन गर्न सकिन्छ त्यति नै अध्ययन र अनुसन्धानको निष्कर्ष बलियो बनाउन सकिन्छ । यसरी सङ्कलन गर्दा गुणात्मक र सङ्ख्यात्मक दुबै प्रकारका तथ्यहरू प्राप्त हुन्छन् । सामान्यतया तथ्याङ्कका स्रोतलाई प्राथमिक स्रोत र द्वितीय स्रोतमा वर्गिकरण गरिन्छ ।

अध्ययन अनुसन्धानको सफलता भनेको सङ्कलन गरिएका तथ्याङ्कहरूको प्रभावकारी विश्लेषण तथा प्रस्तुतीकरणमा निर्भर रहने गर्दछ । तथ्याङ्क सङ्कलनको क्रममा सङ्कलन गरिएका प्राथमिक तथा द्वितीय स्रोतको तथ्याङ्कहरूको समावेशिताको आधारमा वर्गीकरण गरिएको छ । यसरी वर्गिकरण गरिएको तथ्याङ्कलाई यथाशक्य व्याख्या र विश्लेषण गरिएको छ । गुणात्मक प्रकृतिका सूचनाहरूलाई आवश्यकतानुसार व्याख्या विश्लेषण गरि तथ्यपरक र बोधगम्य बनाउन त्यसलाई विश्लेषण र विस्तार गर्नुपर्छ । परिमाणात्मक प्रकृतिका सूचनाहरूलाई आवश्यकता अनुसार टेबुल बनाई व्याख्या विश्लेषण गरिएको छ ।

# अध्याय चार

# उत्तरदाताहरूको सामाजिक तथा जनसांख्यिक विवरण

समाजभित्र विभिन्न जाति, जनजाति, दलित, धनि, गरीब, धर्म, लिङ्ग, वर्ण, उमेर समुहका मानिसहरू अर्न्तक्रियात्मक संम्वन्ध स्थापित गरेर वसेका हुन्छन । समाजका ति विविध विशेषता भएका सदस्यहरू समाज भित्रका विभिन्न संस्थामा सहभागि हुने गर्दछन । जस्तैः आथिक, पारिवारिक, शैक्षिक, राजनैतिक, धार्मिक, आदि । समाजका यी सदस्यहरूको आर्थिक हैसियत, पारिवारिक संरचना, शैक्षिक योग्यता, कुशलता, विविधता, संस्कारगत पद्धति, उमेरगत तह विभाजन आदिको समग्र अवस्थालाई सामाजिक अवस्था भनिन्छ ।

## ४.१ उत्तरदाताहरूको सामाजिक तथा जनसांख्यिक विवरण

यस अन्तर्गत शोध अध्ययनमा उत्तरदाताहरूको सामाजिक, सांस्कृतिक तथा जनसाख्यिकिय वितरकलाई प्रस्तुत गरिएको छ । जसमा जाति, धर्म, संस्कृति, उमेर, लिङ्ग, पारिवारिक संरचना, शिक्षासँग सम्बन्धित विवरणहरू प्रस्तुत गरिएको छ । जसले गर्दा शोध अध्ययनमा समावेश गरिएका उत्तरदाताहरूको सामाजिक पक्षहरू झल्किने गर्दछन ।

### ४.१.१ जाति/जनजातिको आधारमा विवरण

सामाजिक सम्बन्ध र संरचना भित्र भने विभिन्न जाति एवं जनजाति समावेश भएका हुन्छन् । नेपाल विभिन्न जातजातिहरूको साझा फूलबारी हो । त्यसैले सौन्दर्यकर्मी महिलाहरूमा पनि त्यसको झलक देख्न पाइन्छ । अध्ययनको क्रममा सौन्दर्यकर्मी महिलाहरूको जातीय अवस्था निम्न अनुसार पाइएको छ ।

**तालिका नं. ४.१**

**जातीय आधारमा उत्तरदाताहरूको वर्गीकरण**

| क्र.स. | जाति समूह | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | गुरुङ्ग | १३ | २९ |
| २ | मगर | १० | २२ |
| ३ | नेवार | ८ | १८ |
| ४ | तामाङ् | ५ | ११ |
| ५ | क्षेत्री | ४ | ९ |
| ६ | ब्राम्हण | ३ | ७ |
| ७ | दलित | २ | ४ |
| जम्मा | | ४५ | १०० |

स्रोत :स्थलगत सर्वेक्षण, २०७६

तालिका अनुसार सौन्दर्यकर्मी पेशामा लागेका दलित २ जना (४ प्रतिशत) र जनजातिका महिलाहरू ३६ जना (८० प्रतिशत) सौन्दर्यकर्मी महिलाहरू जनजातिका रूपमा गुरुङ्ग (२९ प्रतिशत), मगर (२२ प्रतिशत), नेवार (१८ प्रतिशत), तामाङ (११ प्रतिशत) रहेका छन् । त्यस्तै गरी ३ जना (७ प्रतिशत) ब्राह्मण, क्षत्री ४ जना (९ प्रतिशत) रहेका छन् । यसबाट के प्रष्ट हुन्छ भने अन्य जातजातिहरूको तुलनामा दलितहरू सीपमूलक कार्यमा पछाडि रहेको पाइन्छ । अन्य जातको तुलनामा गुरुङ्ग/मगर यस पेशामा बढी संलग्न हुनुले के थाहा हुन्छ भने अन्य जातको तुलनामा गुरुङ्ग/मगर महिलाहरू यस पेशा प्रति बढी आकर्षित रहेको छ ।

### ४.१.२ उमेरको आधारमा विवरण

उमेर सामाजिक स्तरीकरणको आधार हो । समाजमा विभिन्न उमेर समुहका मानिसहरू बसोबास गर्दछन् । समाज यस्तो संस्था हो जसमा मानिसहरू बालक, युवा, प्रौढ हुँदै बृद्ध अवस्थामा पुग्ने गर्दछन् । समाजमा रहेका सदस्यहरूको उमेर विभाजन सँगसँगै उनहिरूले निर्वाह गर्नुपर्ने भूमिका दायित्व, कर्तव्य र सीमाहरू पनि समाजले नै निर्धारण गरिदिएको हुन्छ । राज्यले पनि उमेर समूहको आधारमा आत्मनिर्भर र परनिर्भर जनसंख्या

भनेर छुट्याउने गर्दछ । जसले गर्दा मानिसहरूले उमेर अनुसार फरक फरक भूमिका निर्वाह गर्नु पर्दछ । अध्ययन क्षेत्रमा २० वर्षदेखि ५० वर्षसम्मका महिलाहरू संलग्न देखिएका छन् । यी महिलाहरूको उमेरगत वितरक तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.२**

**उमेर समूहका आधारमा उत्तरदाताहरूको विवरण**

| क्र.स. | विवरण | सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २०-२५ वर्ष | ६ | १३ |
| २ | २६-३० वर्ष | १२ | २७ |
| ३ | ३१-३५ वर्ष | ११ | २४ |
| ४ | ३६-४० वर्ष | ९ | २० |
| ५ | ४१-५० वर्ष | ७ | १६ |
| | जम्मा | ४५ | १०० |

स्रोत स्थलगत सर्वेक्षण : २०७६

तालिकामा उल्लेख भए अनुसार २० देखि २५ वर्ष उमेर समूहका १३ प्रतिशत, २६ देखि ३० वर्ष उमेर समूहका २७ प्रतिशत, ३१ देखि ४० वर्ष उमेर समूहका २४ प्रतिशत, ४१ देखि ५० वर्ष उमेर समुहका २० प्रतिशत रहेका छन । २६ देखि ३० वर्षउमेर समूह नै आर्थिक रूपले सक्रिय उमेर समूह हो । यो तालिका बाट २६ देखि ३५ वर्षका महिलाहरू यस व्यूटीपार्लर पेशामा बढि सहभागिता भएको पाईन्छ ।

### ४.१.३ धर्मको आधारमा विवरण

धर्मलाई प्रत्यक्ष रूपमा देख्न नसकिएता पनि धर्मले समाजलाई कुनै न कुनै रूपमा नियन्त्रण र निर्देशन गरिरहेको हुन्छ । यसै कारणले गर्दा समाजका हरेक मानिसहरू कुनै न कुनै धर्मसँग सम्बन्धति हुने गर्दछन् । धर्मलाई हरेक मानिसहरूले अनुभूति गरेका हुन्छन् र आत्म सन्तुष्टिको रूपमा लिने गर्दछन् । धर्मले मानिसको जीवन यात्रामा महत्वपूर्ण भूमिका खेल्दछ । जन्मदेखि मृत्युसम्म धर्म र धार्मिक संस्कार मान्छेसँग गाँसिई रहन्छ । धर्मले मानिसलाई समाजमा गर्न हुने काम वा गर्न हुने काम वा गर्न नहुने काम भन्ने आर्दश पनि सिकाउँछ । समाजमा आधिकारिक कानुन निर्माण हुनुभन्दा पहिला मानिसहरू धर्म कै

आधारमा निश्चित सिमामा बसी आफ्नो  कार्य गर्दथे । अझै पनि मानिसहरू धर्म कै आधारमा कतिपय कार्यगर्न डराउँछन । धर्म एउटा सामाजिक संस्था हो । त्यसैले यस शोध अध्ययनका उत्तरदाताहरूको धार्मिक आस्थालाई निम्नानुसार उल्लेख गरिएको छ ।

**तालिका नं. ४.३**

**धर्मका आधारमा उत्तरदाताहरूको विवरण**

| क.स. | धर्म | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दु | ३० | ६७.० |
| २ | बौद्ध | ११ | २४.० |
| ३ | क्रिश्चियन | ४ | ९.० |
| जम्मा | | ४५ | १००.० |

स्रोत :स्थलगत सर्वेक्षण, २०७६

माथिको तालिकाबाट प्रष्ट हुन्छ की सौन्दर्यकर्मी पेशामा संलग्न महिलाहरूमध्ये सबैभन्दा बढी ६८ प्रतिशत हिन्दु धर्म मान्ने, २३ प्रतिशत बौद्ध धर्म मान्ने र ९ प्रतिशत क्रिश्चियन धर्म मान्ने महिलाहरू रहेका छन् । ६८ प्रतिशत हिन्दू धर्म मान्ने महिलाहरूको सङ्ख्याले नेपाल हिन्दु राष्ट्रको बाहुल्य भएको जनाउँछ । साथै अध्ययन क्षेत्रमा सौन्दर्यकर्मी पेशा गर्दै आएका अधिकांश महिलाहरू हिन्दु धर्ममा आबद्ध रहेछन् भन्ने कुराको पुष्टि हुन्छ ।

### ४.१.४ पारिवारिक संरचनाको आधारमा विवरण

परिवार हरेक समाजमा पाइने एउटा सामाजिक संस्था हो । यसलाई मानिसको संगमस्थलको रूपमा लिने गरिन्छ । जहाँ विवाह र रगतको आधारमा सम्बन्ध स्थापित हुने गर्दछ । समाजमा अन्य संस्थाहरूको भन्दा परिवारको बढी महत्त्व रहेको हुन्छ । परिवार मानिसको प्रथम संस्था हो । यसले मानिसका सामाजिक, आर्थिक, सांस्कृतिक, धाीर्मक र राजनीतिक आदि कार्य गर्दछ । त्यस्तै गरी परिवार मानिसहरूको त्यो संस्था हो, जहाँ मानिसहरू नातेदारी वा त्यस्तै प्रकारका अन्य धनिष्ट सम्बन्धद्वारा बाधिएका हुन्छन् । परिवार एक यस्तो सामाजिक समूह हो जसको लक्षण सामान्य निवास तथा आर्थिक सहयोगमा निर्भर हुन्छ । यसमा दुबै लिङ्ग समावेश हुन्छन र समाजले स्वीकृत प्रदान गरेको यौन सम्बन्ध कायम हुन्छ । परिवारमा एक वा बढी सन्तान र धर्म सन्तान पनि समावेश हुन्छन् ।

परिवारमा महिला र पुरुषबीच छलफल र द्वन्द्व दुबै हुन्छ । घरको मुख्य व्यक्ति को हो ? निर्णय कसले गर्दछ । यिनै कुराले नै महिला र पुरुषको हैसियत निर्धारण गर्दछ । प्रायजसो परिवारमा पुरुषको हैसियत उच्च रहेको छ । प्रत्येक स्थानको भौगोलिक आर्थिक सामाजिक एवं सांस्कृतिक भिन्नताले गर्दा समाजमा विभिन्न प्रकारका परिवार पाइन्छन । सदस्य संख्याको आधारमा विवाहको स्वरूप, स्त्री पुरुषको सत्ता, निवास स्थान, वंश नाम आदिको आधारमा परिवारलाई विभिन्न स्वरूपमा वर्गीकरण गरिएको भएता पनि यहाँ अनुसन्धान सहज बनाउन सदस्य संख्याको आधारमा पारिवारिक संरचनालाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.४**

**पारिवारिक संरचनाको आधारमा उत्तरदाताहको विवरण**

| क्र.स. | परिवार सङ्ख्या | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकल परिवार | ३० | ६७ |
| २ | संयुक्त परिवार | १५ | ३३ |
| जम्मा | | ४५ | १०० |

स्रोत :स्थलगत सर्वेक्षण, २०७६

तालिका अनुसार उत्तरदाताहरूको परिवारको संरचना हेर्दा करिब ६७ प्रतिशत एकल परिवार रहेको देखिएको छ भने ३३ परिवार संयुक्त परिवार रहेको पाइन्छ । यसबाट के बुझिन्छ भने वर्तमन समयसँगै परिवारमा पनि धेरै परिवर्तन आएको देखिएका। पहिलाको समयमा चर्चित संयुक्त परिवार आजभोलि कमै मात्रामा देखिन्छन् भने वृहत परिवार भएको पाइदैन । एकल परिवार बढी हुनुमा कुनै पेशा व्यवसाय तथा जागीरको शीलशीलामा मानिसहरू गाँउ तथा शहरी क्षेत्रको कुना काप्चाहरूबाट शहरको मुख्य-मुख्य भागहरूमा बसाई सर्ने भएकोले आजभोलि एकल परिवार बढी देखिएको छ । समाजमा आधुनिकिकरणको प्रभाव, शिक्षा, रोजगार, लगायत हरेक पक्षहरूले समाजलाई प्रभाव पारिरहेको हुन्छ । आजका हरेक परिवारहरू संयुक्त परिवारबाट एकल परिवार तर्फ उन्मुख हुदै गएका छन् । पारिवारिक सुख सुविधा मनोरन्जन आदिले पनि एकल परिवारमा नै बस्न रुचाँउछन् ।

### ४.१.५ वैवाहिक स्थितिको आधारमा विवरण

विवाह भनेको उमेर पुगेका महिला र पुरुष बीच आपसी सम्बन्ध स्थापित गर्ने सामाजिक संस्था हो । विवाहले महिला पुरुषबीच आपसी सम्बन्ध स्थापित गरी तिनीहरूबीचको रक्त सम्बन्धी नाता तथा समाजको सम्बन्धलाई परिभाषित र नियन्त्रित गर्दछ । विवाहले महिला र पुरुषलाई पारिवारिक जीवनमा प्रवेश गराउँदछ । त्यस्तै दुई भिन्न जीवनको पवित्र मिलन तथा वंश परम्परालाई निरन्तरता दिने गर्दछ । विवाहका माध्यमबाट नै समाजका सदस्यहरूको नाता सम्बन्ध कायम हुने, समाजको निरन्तरता कायम हुने, सम्पत्ति र वंशको उत्तरधिकारी कायम हुने गर्दछ नाता सम्बन्धको कारणले नै समाज संञ्चालनको प्रक्रिया सहज र सरल हुने गर्दछ । यसकारण विवाहलाई समाज सञ्चालनको संयन्त्रको रूपमा लिने गरिन्छ । यस शोध अध्ययन समावेस भएका उत्तरदाताहरूको वैवाहिक स्थितिलाई तालिकामा निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

**तालिका नं. ४.५**

**वैवाहिक आधारमा उत्तरदाताहरूको विवरण**

| सि.नं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विवाहित | ३० | ६७ |
| २ | अविवाहित | १५ | ३३ |
| | जम्मा | ४५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७६

तालिका अनुसार ६७ प्रतिशत विवाहित उत्तरदाता र करीब ३३ प्रतिशत अविवाहित उत्तरदाता र रहेको देखाएको छ । यसबाट के प्रष्ट हुन्छ भने विवाहले यस पेशालाई कुनै अप्ठ्यारो पारेको छैन निरन्तरता पाइराखेको छ र उनीहरू आफूमा आत्मनिर्भर हुनाका लागि पनि र आफूले सिकेको सीपको सदुपयोग गर्नाका लागि नै महिलाहरूले यस पेशालाई निरन्तरता दिएका छन् ।

### ४.१.६ शिक्षाको आधारमा विवरण

व्यक्तिको अर्न्तनिहित प्रतिभालाई बाहिर प्रस्फुटन गर्ने माध्यम नै शिक्षा हो । शिक्षालाई समाज र व्यक्तिको ज्ञानको ज्योतिको रूपमा लिने गरिन्छ । शिक्षा विना समाज

विकासको प्रक्रिया अघि बढाउन सकिदैन । शिक्षा नै यस्तो ज्ञानको ज्योति हो, जसले अज्ञानताबाट व्यक्तिलाई ज्ञानवान बनाउँछ । शिक्षाले सामाजलाई सही मार्गमा जान निर्देशन गर्ने मात्र होइन आधारभूत आवश्यकताको सहजता, सभ्य जीवनयापन, समृद्ध समाज र राष्ट्र निर्माणमा समेत योगदान पुऱ्याइरहेको हुन्छ । एउटा व्यक्ति, समाज र राष्ट्र कति विकसित छ भने कुरा त्यहाँको शैक्षिक प्रणालीमा निर्भर रहन्छ । यस शोध अध्ययनमा विभिन्न तहको शैक्षिक ज्ञान हासिल गरेका उत्तरदाताहरू रहेका छन । सौन्दर्यकर्मी पेशामा संलग्न महिलाहरूको स्थितिलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.६**

**शैक्षिक अवस्थाको आधारमा उत्तरदाताको विवरण**

| क्र.स. | शैक्षिक योग्यता | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एस.एल.सी भन्दा कम | १० | २२ |
| २ | एस.एल.सी उत्तीर्ण | १४ | ३१ |
| ३ | प्रमाणपत्र/१०+२ उत्तीर्ण | १६ | ३६ |
| ४ | स्नातक वा सो भन्दा माथि | ५ | ११ |
| जम्मा | | ४५ | १०० |

स्रोत :स्थलगत सर्वेक्षण, २०७६

तालिका अनुसार सौन्दर्यकर्मी महिलाहरूमध्ये २२ प्रतिशतले एस.एल.सी भन्दा कम, करिब ३१ प्रतिशतले एस.एल.सी उत्तीर्ण, करिब ३६ प्रतिशतले प्रवीणता प्रमाणपत्र तह र करिब ११ प्रतिशतले स्नातक वा सोभन्दा माथि उत्तीर्ण गरेका छन् । करिब ११ प्रतिशत महिलाहरूले पनि यस पेशालाई अवलम्बन गर्दै आएको पाइन्छ । यसबाट प्रष्ट हुन्छ की सौन्दर्यकर्मी महिलाहरू सबैभन्दा बढी ३६ प्रतिशत प्रमाणपत्र तह उत्तीर्ण गरेका रहेछन् भने स्नातक वा सो भन्दा माथि उत्तीर्ण गरेका छन् ।

## ४.२ उत्तरदाताहरूको आर्थिक अवस्था

आर्थिक पक्षलाई जीवनयापनको प्रमुख श्रोत मानिन्छ । समाज विकासका सदस्यहरूलाई दैनिक आवश्यक पर्ने गाँस, वास, कपासको परिपुर्ति गर्न मात्र होइन मानिसका सुख, सुविधामा बृद्धि गर्न, रोग व्याधीको उपचार गर्न र संस्कारगत कार्यमा समेत

आर्थिक पक्षले ठुलो प्रभाव पार्ने गर्दछ । आय नभए खर्च गर्न सकिदैन, खर्च गर्न नसकिए अवसर प्राप्त गर्न सकिदैन । यसकारण आम्दानी यस्तो साधन हो जसले मानिसको क्षमता वढाउन सहयोग गर्दछ । आर्थिक पक्ष विना व्यक्ति तथा पारिवारिक जीवन संचालन गर्न संभव हुदैन । समाज विकासका सदस्यहरूलाई दैनिक आवश्यक पर्ने गाँस, वास, कपासको परिपुर्ति गर्न मात्र होइन मानिसका सुख, सुविधामा वृद्धि गर्न, रोग व्याधीको उपचार गर्न र संस्कारगत कार्यमा समेत आर्थिक पक्षले ठुलो प्रभाव पार्ने गर्दछ । आय नभए खर्च गर्न सकिदैन, खर्च गर्न नसकिए अवसर प्राप्त गर्न सकिदैन । यसकारण आम्दानी यस्तो साधन हो जसले मानिसको क्षमता बढाउन सहयोग गर्दछ । आर्थिक रूपले अभाव र तनावमा वाँचेका मानिसहरूले आफ्ना सन्तानहरूलाई पोषणयुक्त खाना खुवाउन, स्वस्थकर आवासमा वस्न, उचित शिक्षा प्रदान गर्न सक्दैनन त्यसकारण उनीहरू सधै प्रतिस्पर्धामा पछाडी पर्ने गर्दछन । पारिवारिक आय राम्रो भएको घरमा छोरा र छोरीले समान अवसर प्राप्त गर्दछन । समान शिक्षाको अवसर पाउछन । शिक्षासँगै रोजगारको अवसर पाउछन । राम्रो आर्थिक भएका राष्ट्रहरूमा महिला र पूरुष बीच कुनै कुराहरूमा विभेद हुँदैन महिला र पुरुष हरेक क्षेत्रमा समान रूपले अघि बढ्न सक्दछ ।

### ४.२.१ मासिक आम्दानीको संरचना

समाजका सदस्यहरू कुनै पेशा, व्यवसायमा संलग्न हुने गर्दछन । त्यहि पेशा वा रोजगारवाट प्राप्त श्रमको मुल्य नै आय वा आम्दानी हो । आयलाई मापन गरेर नै समाजमा मानिसहरूको सम्मान, इज्जत तथा प्रतिष्ठान कायम हुने गर्दछ । मानिसको पेशा वा रोजगारमा हुने असमानता संगै आयमा असमानता हुने गर्दछ । कुनै व्यक्ति उच्च पद धारण गरेर वढि आय गर्दछ भने कोही कसैले बढी समय लगानी गरेर आम्दानीमा वृद्धि गर्दछन । कसैले कम मूल्यका काम पनि गर्दा दैनिक जीवन सञ्चालन गर्न कठिन हुने गर्दछ यसरी आयमा असमानता हुने गर्दछ । सौन्दर्यकर्मी पेशा सीपमा आधारित पेशा हो । जति जति सीप र दक्षता बढदै जान्छ त्यति नै सेवाग्राहीबाट महिलाहरूले विश्वास जित्न सफल हुन्छन् । आजभोलि यो पेशा शहरी क्षेत्रमा बढी मात्रामा फस्टाएको छ र महिलाहरूले यस पेशालाई निरन्तरता दिने क्रम पनि दिनदिनै बढ्दो छ । तलको तालिकाबाट सौन्दर्यकर्मी महिलाहरूको मासिक आम्दानी देखिएको छ ।

**तालिका न. ४.७**

**सौन्दर्यकर्मी  महिलाहरूको मासिक आम्दानीको अवस्था**

| क्र.स. | मासिक आम्दानी | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रु १० हजारभन्दा कम | ७ | १६ |
| २ | रु १०-१५ हजार | १५ | ३३ |
| ३ | रु १५-२० हजार | १३ | २९ |
| ४ | रु २०-२५ हजार | ५ | ११ |
| ५ | रु २५-३० हजार | ३ | ७ |
| ६ | रु ३० हजारभन्दा माथि | २ | ४ |
| जम्मा | | ४५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

माथिको तथ्याङ्कबाट के थाहा हुन्छ भने व्यूटीपार्लर पेशामा लाग्ने अधिकांश महिलाहरूको आम्दानी सन्तोषजनक नै छ। १६ प्रतिशत महिलाहरूको मासिक आम्दानी १० हजार भन्दा कम, १० देखि १५ हजार आम्दानी हुनेको सङ्ख्या करिव ३३ प्रतिशत रहेको छ। त्यस्तैगरी १५ देखि २० हजार (२९ प्रतिशत), २०देखि २५ हजार (११ प्रतिशत), २५ देखि ३० हजार हुनेको सङ्ख्या ७ प्रतिशत र ३० हजार देखि माथि हुनेको सङ्ख्या पनि ४ प्रतिशत रहेको छ। यसबाट प्रष्ट हुन्छ कि यस पेशालाई निरन्तरता दिइरहने हो भने महिलाहरूले आफ्नो एकल परिवारको लागि सजिलै न्यूनतम आवश्यकता पूरा गर्नसक्ने आर्थिक स्रोत प्राप्त गर्न सक्ने धारणा उनीहरूको रहेको छ। यसको अलवा मासिक आम्दानी २० देखि माथि हुने व्यूटीसियन महिलाहरूले व्यवस्थित रूपले आफ्नो घरपरिवार चलाउन सक्ने कुरा माथिको तालिकाबाट प्रष्ट देखिएको छ।

### ४.२.२ परिवारको आम्दानीको स्रोत

हरेक मानिसका आम्दानी गर्ने स्रोतहरू फरक फरक हुन्छन्। त्यस्तैगरी सौन्दर्यकर्मी महिलाहरूको परिवारको आम्दानीका स्रोतहरू पनि फरक-फरक रहेका छन्। तलको तालिकाबाट उत्तरदाताहरूले परिवारको आम्दानीका स्रोतहरू देखाइएको छ।

## तालिका नं ४.८

## उत्तरदाताहरूको परिवारको आम्दानीका स्रोतको संरचना

| क्र.स. | आम्दानीको स्रोतहरू | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | व्युटी पार्लर व्यवसाय | १५ | ३३ |
| २ | व्यापार व्यवसाय | १३ | २९ |
| ३ | कृषि | ५ | ११ |
| ४ | अन्य | १२ | २७ |
| जम्मा | | ४५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७६

माथिको तालिकाबाट के थाहा हुन्छ भने ३३ प्रतिशत महिलाहरूले आम्दानीको स्रोत व्यूटीपार्लर  व्यवसाय भएको करीब २९ प्रतिशतको व्यापार व्यवसाय रहेको, ११ प्रतिशतको कृषि भएको र २७ प्रतिशतको अन्य रहेको देखिएका । अन्य भन्नाले सरकारी जागीर, निजी तथा वैदेशिक रोजगार भन्ने बुझिन्छ । ३३ प्रतिशत महिलाहरूको व्यूटीपार्लर पेशा रहेको भन्नाले करीब १ तिहाइ महिलाहरूको परिवारको आम्दानीको स्रोतका रूपमा व्यूटीपार्लर पेशा भएको जसबाट महिलाहरूले आफ्नो परिवारको सम्पूर्ण खर्च धान्न सफल भएका छन् भन्ने कुरा यहाँ स्पष्ट देखिएका ।

# अध्याय पाँच

# व्यूटीपार्लर व्यवसायले महिलाहरूको जीवनस्तरमा ल्याएको परिवर्तन

व्यूटीपार्लर व्यवसाय अहिलेको २१ औं शताब्दीमा मानिसको जीवनस्तरमा परिवर्तन ल्याउने ठूलो पेशा तथा व्यवसाय बनेको छ । यसले मानिसको सुन्दर बन्ने, लुगा लगाउने तरिका, श्रृंगार तथा सुन्दरता सवालमा राम्रो प्रभाव ल्याउँछ । यो एउटा यस्तो व्यवसाय हो, जुन व्यवसाय विभिन्न उमेर समूहका मानिसहरूमा पनि विभिन्न तरिकाले आकर्षण गर्न सक्दछ । यस व्यवसाय अन्तर्गत आज मासिनहरू संसारको जुनसुकै ठाउँमा पनि जान सक्छन् । यस अध्ययन क्षेत्रमा रहेका महिला व्यूटीशियन तथा सौन्दर्यकर्मी महिला व्यवसायीहरूमा पनि विभिन्न खालको परिवर्तनहरू देखिएको छ । जुन कुराहरू विभिन्न तालिका तथा विश्लेषणबाट हामीले हेर्न सक्छौं ।

## ५.१ व्यूटीपार्लर व्यवसायले महिलाहरूमा ल्याएको सीप र क्षमता वृद्धि

सीप, पेशा र क्षमता एकअर्कासँग सम्बन्धित भएर आइरहेको पाइन्छ । सम्बन्धित पेशाका लागि सम्बन्धित ज्ञान, सीप तथा प्रविधि आवश्यक पर्दछ । सीप, ज्ञान र आवश्यक सुझबुझ भएपछि मात्र कुनै पनि व्यवसायी सक्षम व्यवसायी बन्न सक्दछ । कुनै पनि पेशा गर्ने व्यवसायमा उक्त व्यवसाय सञ्चालन गर्दै अगाडि बढ्दा उसको सफलतासँगै यसले उसको पेशागत सीप र क्षमतामा वृद्धि ल्याएको छ । यहाँ पेशाले सीप र क्षमतामा के कस्तो बृद्धि ल्याएको छ भन्ने सवाललाई तालिकामा देखाइएको छ ।

**तालिका नं. ५.१**

**उत्तरदाताको सीप र क्षमतामा बृद्धि**

| क्र.सं. | पेशा, सिप र क्षमता | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | बृद्धि गरेको छ | ३६ | ८० |
| २. | बृद्धि गरेको छैन | ९ | २० |
| | जम्मा | ४५ | १०० |

स्रोत: स्थलगत अध्ययन, २०७६

यहाँ ४५ जना मध्ये सीप र क्षमतामा बृद्धि भएको छ भन्नेमा ३६ जना अर्थात् ८० प्रतिशत र बृद्धि गरेको छैन भन्नेमा ९ जना अर्थात् २० प्रतिशत देखाइएको छ ।

## ५.२ व्यूटीपार्लर व्यवसायले महिलाको जीवनस्तरमा ल्याएको परिवर्तन

सबैखाले पेशा/व्यवसायबाट मानिसले आफ्नो जीविका चलाईरहेका हुन्छन् । यसले मानिसको हैसियतदेखि व्यक्तित्व निर्माणसम्म प्रभाव पार्छ । नेपालमा पेशाको आधारमा जातियतालाई बुभ्न सकिन्छ । हुन त यसको आधिकारिता प्रमाणित गर्न गाऱ्हो देखिन्छ । समाजमा जुन जात र वर्गले जुन कुरा गर्दै आयो त्यसैलाई समाज सुधारक वा सेवकहरूले संरक्षण गर्दै आएको पनि पाइन्छ । जे भएता पनि अहिलेको सामाजिक जातिय आधारमा आएका संस्कार, पद्धतिमा २१ औं शताब्दीको समाजले ल्याएको परिवर्तनको आवश्यकता देखिएको छ । यो पेशा तथा व्यवसायले महिलाको जीवनस्तरदेखि बोलीचाली, भेषभूषा तथा अन्य सवालहरूमा परिवर्तन ल्याएको छ । यो परिवर्तन के कस्तो छ भन्ने कुरा तालिकामा देखाइएको छ ।

**तालिका नं. ५.२**

**व्यूटीपार्लर व्यवसायले महिलाको जीवनस्तरमा ल्याएको परिवर्तन**

| क्र.सं. | परिवर्तन सम्बन्धी धारणा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | परिवर्तन ल्याएको छ | ३२ | ७१ |
| २. | परिवर्तन ल्याएको छैन | १३ | २९ |
| | जम्मा | ४५ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७६

यो पेशाले महिलामा ल्याएको परिवर्तन कस्तो देखिन्छ भन्दा यहाँ ४५ जना मध्ये परिवर्तन ल्याएको छ भन्ने ३२ जना अर्थात् ७१ प्रतिशत र परिवर्तन ल्याएको छैन भन्नेमा १३ जना अर्थात् २९ प्रतिशत देखाइएको छ ।

## ५.३ व्यूटीपार्लर व्यवसायले महिलाको जीवनस्तरमा ल्याएको आर्थिक स्वतन्त्रता

मानिसले प्रगति गर्नको ऊ आफू स्वतन्त्र भएको महशुस हुनपर्छ । कहीँकतैबाट ऊ स्वतन्त्र छैन भने उन्नति र प्रगति गर्न उसलाई कठिन पर्ने मात्र होइन उसका सबै

विकासका प्रक्रियाहरू अवरुद्ध हुन्छन् । स्वतन्त्र मात्र भएर उसँग अर्थ परिचालनको स्वतन्त्रता के कति छ यसले उसको स्वतन्त्रताको अर्थ मापन गर्दछ । प्रगति गर्नको लागि कुनै पनि व्यवसायी आर्थिक तथा अन्य रूपले स्वतन्त्र बन्न सक्नुपर्छ । अध्ययन क्षेत्रमा महिलाहरू के कति आर्थिक रूपमा स्वतन्त्र हुनुहुन्छ भन्ने कुरा तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ५.३**

**व्यूटीपार्लर व्यवसायले महिलाको जीवनस्तरमा ल्याएको आर्थिक स्वतन्त्रता**

| क.सं. | आर्थिक स्वतन्त्रता | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | स्वतन्त्रता छ | ३९ | ८७ |
| २. | स्वतन्त्रता छैन | ६ | १३ |
| | जम्मा | ४५ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७६

व्यूटीपार्लर पेशामा आर्थिक रूपमा स्वतन्त्रता हुनुहुन्छ वा हुनुहुन्न भन्दा स्वतन्त्र छु भन्ने ४५ जना मध्ये ३९ जना अर्थात् ८७ प्रतिशत र स्वतन्त्र छैन भन्नेमा ६ जना अर्थात् १३ प्रतिशत देखाईएको छ ।

## ५.४ व्यवसायमा प्रवेश गर्नुपूर्व महिलाको स्थिति

यस पेशामा प्रवेश गर्नुपूर्व र पछि पनि आफ्नो भूमिकामा केही परिवर्तन भएको अनुभव गरेका छन् । यस क्षेत्रका महिलाहरूले विभिन्न पेशा तथा व्यवसायमा सहभागि भई आ-आफ्नो तर्फबाट व्यूटीपार्लर व्यवसायलाई सहयोग पुऱ्याएका छन् । कुनै पनि व्यक्तिले २ किसिमले सामाजिक हैसियतको आर्जन गर्दछ । एउटा जन्मशिद्ध तथा अर्को आफ्नो अथक प्रयासबाट आर्जित हुन्छ ।

**तालिका नं. ५.४**

**व्यवसायमा प्रवेश गर्नुपूर्व उत्तरदाता महिलाको स्थिति**

| क्र.सं. | व्यवसाय | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कृषक | ९ | १५ |
| २. | व्यापार | ११ | १८ |
| ३. | गृहिणी | १६ | २७ |
| ४. | विद्यार्थी | २४ | ४० |
| | जम्मा | ६० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७६

यहाँ ६० जना मध्ये कृषक ९ जना अर्थात् १५ प्रतिशत, व्यापार गर्ने ११ जना अर्थात् १८ प्रतिशत, गृहिणी १६ जना अर्थात् २७ प्रतिशत र विद्यार्थी २४ जना अर्थात् ४० प्रतिशत देखाइएको छ ।

## ५.५ सौन्दर्यकर्मीहरूको आम्दानीको उपयोग गरिने क्षेत्रहरू

सौन्दर्यकर्मी महिलाहरूले आफूले गरेको आम्दानीको उपयोग कुन कुन कार्यमा गरेका छन् भन्ने कुरालाई तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ५.५**

**उत्तरदाताहरूको ब्यूटीपार्लर पेशाबाट हुने आम्दानीको उपयोग गरिने क्षेत्रहरू**

| क्र.सं. | उपायोग गरिने कार्य | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | खाना | १८ | ४० |
| २ | शिक्षा | ६ | १३ |
| ३ | बचत | ७ | १६ |
| ४ | अन्य | ११ | २४ |
| ५ | माथिका सबै | ३ | ७ |
| जम्मा | | ४५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

उपरोक्त तथ्याङ्कबाट के प्रष्ट हुन्छ भने ४० प्रतिशतले आफ्नो आम्दानी खानामा खर्च गरेको, १३ प्रतिशतले शिक्षामा, १६ प्रतिशतले बचत, २४ प्रतिशतले अन्य (हिँड्डुल गर्ने, लगाउने) मा र ७ प्रतिशतले सबै काममा लगानी गरेको पाइन्छ ।

## ५.६ सौन्दर्यकर्मीहरूलाई पेशामा लाग्नको लागि प्रेरणा/सहयोग

उत्तरदाताहरू यस पेशामा लाग्नको लागि विशेष गरी कसको प्रेरणा/सहयोगमा अगाडि बढ्नुभयो भन्ने कुराको अध्ययनमा निम्न व्यक्तिहरूको सहयोगमा पेशामा लागेको देखियो ।

**तालिका नं. ५.६**

**उत्तरदाताहरू सौन्दर्यकर्मी पेशामा लाग्नको लागि प्रेरकको संरचना**

| क्र.स. | प्रेरक | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आँफै | २३ | ५१ |
| २ | श्रीमान् | ९ | २० |
| ३ | परिवार | १० | २२ |
| ४ | अन्य | ३ | ७ |
| | जम्मा | ४५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

माथिको तालिकाअनुसार ५१ प्रतिशत महिलाहरू आफै यस पेशामा लागेका, करिब २० प्रतिशत श्रीमान्को सहयोगमा, करीब २२ प्रतिशत नै परिवारको सहयोगमा र ७ प्रतिशत अन्य व्यक्तिहरूको प्रेरणामा पेशामा लागेको देखिएका। ५१ प्रतिशत महिलाहरू आफै पेशामा लाग्नुले के बुझिन्छ भने महिलाहरू आफ्नो लागि आफै सक्षम हुनुपर्छ र आत्मनिर्भर बन्नको लागि केही गर्नुपर्छ भन्ने उद्देश्य लिएर यस पेशामा लागेको देखिएका। यसको साथसाथै महिलाहरू यस पेशामा बढी इच्छुक भएको कारणले गर्दा पनि उनीहरूले यस पेशालाई अपनाएको देखिएको छ ।

## ५.७ सौन्दर्यकर्मी महिलाहरूको आफ्नो पेशाप्रतिको धारणा

सौन्दर्यकर्मी पेशा वर्तमान समयमा बढी चर्चामा आएको पेशा हो । आजभोलि यो व्यवसाय गर्नको लागि महिलाहरू तालिम लिन बढी उत्सुक देखिन्छन् । उनीहरूले ६ महिना, १ वर्षको कोर्ष पूरा गरी प्रमाणपत्र लिएर ब्यूटीपार्लर खोलेर बसेको देखिएकाजसबाट सौन्दर्यकर्मी महिलाहरूको सीप तथा दक्षता वृद्धि हुनुको साथै आर्थिक रूपमा पनि पूर्ण सन्तुष्टि पाएको धारणा व्यूटीशियनहरूको रहेको छ । अझ आजभोलि त यस पेशालाई बढी लोकप्रिय र चर्चित बनाउनाका लागि निश्चित कोटामा सङ्ख्या राखी निःशुल्क तालिम दिने व्यवस्था पनि यस संस्थाले गरेको छ । शुरु शुरुमा यस पेशाले त्यति फड्को मार्न नसकेकाले सौन्दर्यकर्मी महिलाहरूलाई आफ्नो दैनिक खर्च मात्रै ठीकै हुने गरेको यस पेशाले आजभोलि अत्याधिक मात्रामा सफलता हाँसिल गरेको छ ।

अध्ययन गर्दै जाँदा के थाहा हुन गयो भने लामो समयसम्म यस पेशालाई निरन्तरता दिएका महिलाहरू र छोटो समयदेखि यस पेशालाई अँगाल्दै आएका महिलाहरू पूर्णरूपमा पेशाप्रति सन्तुष्टि देखिन्छन् । यस पेशामा लागेका महिलाहरूले सामान्य शिक्षा भएतापनि सीप तथा तालिमद्वारा धेरै कुरा सिक्न पाईने, बढी मेहनत गर्नु नपर्ने साथै आर्थिक दृष्टिले हेर्दा पनि आम्दानी राम्रो हुने कुरा सौन्दर्यकर्मी महिलाहरूले व्यक्त गरेका छन् ।

**तालिका नं. ५.७**

**उत्तरदाताहरूको आफ्नो व्यवसायप्रतिको धारणा**

| क्र.स. | सन्तुष्ट हुनुको कारण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आत्मनिर्भरता | ३२ | ७१ |
| २ | स्वतन्त्रता | ४ | ९ |
| ३ | सीपको उपयोग | ९ | २० |
| जम्मा | | ४५ | १०० |

स्रोत :स्थलगत सर्वेक्षण, २०७६

माथिको तालिकाअनुसार कुल उत्तरदाताहरू सबै सन्तुष्ट देखिन्छन् । उत्तरदाताहरूका अनुसार यो पेशा गर्दा एकैपटक बढी लगानी पनि गर्नु नपर्ने, दुःख धेरै गर्नु

नपर्ने, आफू आत्मनिर्भर बन्न सकिने सीपको उपयोग हुने काम गर्दा अरूको अडरमा नभई स्वतन्त्र भएर गर्न सकिने धारणा महिलाहरूको रहेको छ ।

## ५.८ व्यूटीपार्लर व्यवसायमा तालिमको व्यवस्था

व्यूटीपार्लर व्यवसायमा तालिमको व्यवस्था भए नभएको जानकारी नभएको अवस्थाको जानकारी तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ५.८**

**सौन्दर्यकर्मी तालिम दिने व्यवस्था भए नभएको अवस्थाको जानकारी**

| क्र.स. | तालिम दिने व्यवस्था | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छ | ४० | ८९ |
| २ | छैन | ५ | ११ |
| जम्मा | | ४५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

माथिको तालिकाअनुसार ८९ प्रतिशतले व्यूटीपार्लरमा व्यूटीशियन तालिम दिने गरेको र करिब ११ प्रतिशतले व्यूटीपार्लरमा व्यूटीशियन तालिम दिएको पाइदैन । तालिम दिने व्यूटीपार्लरहरूमा व्यूटीशियनसम्बन्धी सबै प्रकारका तालिमहरू दिने गरेको पाइन्छ ।

## ५.९ व्यूटीपार्लर व्यवसाय सञ्चालन गरेपछि महिलाहरूमा भएको सीप विकासको अवस्थाको जानकारी

कुनै पनि काम गरेपछि त्यस काममा केही न केही रूपमा सीप तथा क्षमताको अभिवृद्धि भएको हुन्छ । त्यस्तै गरी सौन्दर्यकर्मी महिलाहरूको व्यूटीपार्लर व्यवसाय गरेपछि भएको सीप विकासको अवस्थालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ५.९**

**उत्तरदाताहरूको व्यवसाय सञ्चालन गरेपछि भएको सीप विकासको अवस्था**

| क्र.स. | सीप विकासको अवस्था | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बढेको अवस्था | ३२ | ७१ |
| २ | ठीकै | १३ | २९ |
| जम्मा | | ४५ | १०० |

स्रोत :स्थलगत सर्वेक्षण, २०७६

तालिका अनुसार ७८ प्रतिशत महिलाहरूको सीप तथा दक्षता एकदमै वृद्धि भएको, २९ प्रतिशतले ठीकै भएको अवस्था पाइयो । यसबाट के प्रष्ट हुन्छ भने व्यूटीपार्लर पेशाले महिलाहरूलाई आत्मबल बढाउन सफल भएको छ । यो व्यवसाय गरेपछि महिलाहरू आत्मनिर्भर बनेका छन् ।

## ५.१० व्यूटीपार्लर व्यवसाय गरेपछि उत्तरदाताहरूको जीवनस्तरमा आएको परिवर्तन

महिलाहरू आफ्नो खुट्टामा उभिनु भनेको उनीहरू आर्थिक रूपमा केही मात्रामा भए पनि सबल हुनु हो । त्यसैले यस पेशामा लागेर महिलाहरूको जीवनस्तरमा आएको परिवर्तनलाई तालिकामा देखाइएको छ ।

**तालिका नं. ५.१०**

**व्यावसाय गरेपछि उत्तरदाताहरूको जीवनस्तरमा आएको परिवर्तनको ढाँचा**

| क्र.स. | आफूमा आएको परिवर्तन | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | परिवार र समाजमा छुट्टै पहिचान | ४ | ९ |
| २ | आत्मनिर्भरता | ३२ | ७१ |
| ३ | आफूले केही गर्न सकेजस्तो | ७ | १६ |
| ४ | माथिका सबै | २ | ४ |
| | जम्मा | ४५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७६

माथिको तालिकाको विश्लेषण गर्दा व्यूटीपार्लर व्यवसायमा प्रवेश गरेपछि ९ प्रतिशतले उनीहरू परिवार तथा समाजमा छुट्टै पहिचान भएको, करीब ७१ प्रतिशतले आफूहरू आत्मनिर्भरता भएको, १६ प्रतिशतले केही गर्न सकेजस्तो लागेको र करीब ४ प्रतिशतले माथिका सबै ठाउँमा आफ्नो खूबी बढेको बताएका छन् । यस तथ्याङ्कले कुनै पनि पेशा अथवा व्यवसायमा समावेश भएपछि उनीहरूको जीवनस्तरमा धेरै नै परिवर्तन आएको र केही गर्न सकिन्छ भन्ने आत्मविश्वास बढेको महिलाहरू बताउँछन् । घरपरिवार तथा छरछिमेकमा आफूले पहिलाभन्दा भिन्नै खालको परिचय पाएको र अरूले आफूलाई हेर्ने दृष्टिकोणमा पनि धेरै नै परिवर्तन आएको कुरा महिलाहरूको रहेको छ ।

## ५.११ व्यूटीपार्लर पेशामा काम गर्ने सौन्दर्यकर्मी महिलाहरूप्रति समाजको धारणा तथा दृष्टिकोण

समाजको परिवर्तनसँगै समाजमा भएका मानिसहरूको सोचाइ पनि समयसापेक्ष परिवर्तन भइरहेको हुन्छ । व्यूटीपार्लर पेशा तथा व्यवसायमा लागेका महिलाहरूलाई हेर्ने दृष्टिकोण पनि समाज परिवर्तनसँगै परिवर्तन भएको विभिन्न अनुसन्धान तथा आँकडाहरूले देखाएको छन् । महिलाहरू पनि परिवर्तनको बाटोमा अगाडि बढिरहेका छन् । यस पेशामा लागेका महिलालाई हेर्ने दृष्टिकोण के छ भनेर अध्ययन गर्न सामाजका केहि व्यक्तिहरू, सञ्चारकर्मी, महिला उद्यमी, व्यवसायी, शिक्षक शिक्षिका, स्वास्थ्यकर्मी, राजनैतिक तथा समाजसेवी गरि २५ जनालाई समग्रताको नमुना छनोट गरि अन्तरवार्ता विधिद्वारा तथ्याङ्क सङ्कलन गरिएको छ ।

सुन्दरता शब्द आफैमा सुन्दर छ यो पेशाप्रति समाजको सकारात्मक दृष्टिकोण दिन प्रतिदिन बढ्दै गइरहेको पाइएको छ । पहिला सङ्कुचित र परम्परागत सोचाईका वावजुद आधुनिक समयमा आएर सौन्दर्यकर्मी पेशा निकै महत्वपूर्ण भएको छ । दिनप्रतिदिन यो पेशाप्रति समाजको दृष्टिकोण पनि सकारात्मक हुँदै आएको पाईएको छ ।

**तालिका नं. ५.११**

**महिलाप्रति समाजको दृष्टिकोण**

| क.सं. | महिलाहरूलाई हेर्ने दृष्टिकोण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | राम्रो छ | २४ | ८० |
| २. | राम्रो छैन | ६ | २० |
| | जम्मा | ३० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७६

यहाँ ३० जना मध्ये महिलालाई हेर्ने दृष्टिकोण राम्रो छ भन्ने २४ जना अर्थात् ८० प्रतिशत र राम्रो छैन भन्नेमा ६ जना अर्थात् २० प्रतिशत देखाइएको छ । अर्कोतिर आज सुन्दरताले हरेक व्यक्तिलाई प्रभाव पारेको छ । प्रत्येक व्यक्तिको भित्री सुन्दरतामा झल्किन्छ अझ व्यक्तिगत सुन्दरताबाट उसको पेशा तथा व्यवसायिक र घरपरिवार पनि हुन्छन् भन्ने सोँच हुन्छ । जसलाई व्यूटीपार्लर व्यवसायीले धेरै सहयोग गरेको पाईएको छ । ६ जनाले तथा २० प्रतिशतले अझैपनि राम्रो लाग्दैन भन्नुभयो किनकी व्यूटीपार्लर अलि बढी नक्कली बन्ने, पैसा धेरै खर्च भईरहेको, मानवहरूको इनर व्युटीलाई वेवास्ता गरी आउटर व्युटीलाई मात्र फोकस गर्ने, फेशनको रूपमा लिईएको, गुणात्मक र दीर्घायु सेवा नदिईने जस्ता कारणहरूले अझै पनि यो पेशा राम्रो नलाग्ने बताउनु भएको छ ।

## ५.१२ सौन्दर्यकर्मी व्यवसायप्रति समाजका विभिन्न व्यक्तिहरूको धारणा

आजको युग भनेको विकासको युग हो । अहिले यो विकसित युग बन्नको लागि महिला पुरुष दुवैको समान योगदान रहेको छ । अहिले शिक्षित र दक्ष महिलाले पुरुष सरह नै हरेक क्षेत्रमा वृद्धि र शक्तिले विभिन्न किसिमको पेशा मार्फत् आफ्नो योगदान दिएका छन् । चाहे त्यो अन्य व्यवसाय होस् वा अनुसन्धानको तर्फ वा चिकित्सक होस् वा अन्तरिक्षको अनुसन्धान वा उडान, यी सबै क्षेत्रमा महिलाले सशक्त भूमिका निर्वाह गरेका छन् । यी त रहेका माथिल्लो तहमा रहेर महिलाले गरेको सेवा तथा योगदान । यस्तै मध्य तहमा रहेका महिला दिदीबहिनीले पनि आफ्नो क्षेत्रबाट घरपरिवार, समाज र देशलाई सीपमूलक व्यवसाय अपनाएर आर्थिक र सामाजिक क्षेत्रमा पूर्ण रूपमा सघाउन सफल रहेका छन् र त्यो सीपमूलक व्यवसाय भनेको सौन्दर्य व्यवसाय हो ।

सौन्दर्य व्यवसायले अहिलेको समयमा अरु व्यवसाय जस्तै चर्चित र सफल व्यवसाय हो । हाम्रो जस्तो मुलुकमा यसले सीपमूलक व्यवसायको रूपमा स्थान पाएको छ जसले हाम्रो घरेलु दिदीबहिनीलाई रोजगारी दिएर आर्थिक स्तर उकास्न मद्दत गरेको छ भने विकसित मुलुकहरूमा यसले अझ बढी आर्थिक उन्नतिको स्रोतको रूपमा स्थान पाएको छ ।

नेपालको घरेलु कामकाजी महिलाहरू जो घरको कामकाजमा मात्र समय बिताउने र सानो भन्दा सानो वस्तुको इच्छा पूरा गर्नको लागि श्रीमानसँग हात फैलाउनुपर्ने बाध्यता छ । यस्ता महिलाहरूलाई यो सीपमूलक तालिमले धेरै फाइदा पुऱ्याएको छ । यो सीप प्राप्त गरेका महिलाले आफ्नो घरको र बच्चाको काम सकेर पनि आफ्नो बाँकी समयलाई सदुपयोग गरेर केही आर्थिक आर्जन गर्न सफल भइरहेका छन् । यसले उनीहरूको आर्थिक अवस्थालाई उकास्न धेरै सहयोग मिलीरहेको छ । यो व्यवसाय सञ्चालन गर्नको निम्ति खासै धेरै आर्थिक लगानी पनि गर्नु नपर्ने र घर व्यवहारमा पनि महिलाहरूलाई खासै अप्ठ्यारो नपर्ने हुँदा यो सौन्दर्य व्यवसाय महिलाको लागि राम्रो व्यवसाय मान्न सकिन्छ । यसले दिदीबहिनीहरूलाई आत्मनिर्भर बनाउन ठूलो भूमिका खेलेको पाइन्छ । फुर्सदको समय केही सिकेर काम गर्छु र आयआर्जन गर्छु भन्नेहरूका लागि यो व्यवसाय उपलब्धीमूलक नै सावित भएको छ ।

**सजनी श्रेष्ठ**

**शिक्षक (कुमुदिनी होम्स, पोखरा)**

- परिवर्तित र समयसँगै सौन्दर्य पेशालाई हेर्ने दृष्टिकोण पनि बदलिएको छ । हिजो धनाढ्य वर्गका महिलामा मात्र सीमित व्यूटीपार्लरहरू आजभोलि सामान्य आम्दानी गर्ने महिलाको पहुँचमा समेत पुग्न थालेको छ । नक्कल पार्ने पेशा भनेर चिनिने सौन्दर्य कला आज व्यवसायिक बनेर जीविकोपार्जनको माध्यम बनिरहेको छ । सौन्दर्यलाई स्वास्थ्यसँग जोडेर व्याख्या हुन थालेको छ । सुन्दरताले आत्मविश्वास जगाउने आधार खडा गर्दै व्यक्तित्व विकासको लागि आन्तरिक सौन्दर्यसँगै बाहिरी सौन्दर्यको पनि चर्चा हुनुले यसको महत्व र क्षेत्रले व्यापकता पाएको छ भन्न सकिन्छ ।

कुनै पनि पेशा आफैमा राम्रो र नराम्रो हुँदैन तर पेशालाई मर्यादित र व्यवसायिक बनाउन सक्नुपर्छ । पछिल्लो समय धेरै महिलाहरू स्वरोजगार बनेको एउटा क्षेत्र सौन्दर्यकलाको क्षेत्र पनि हो । विभिन्न सुन्दरी प्रतियोगिता लगायतले पनि यो क्षेत्रका महत्वलाई उजागर गरेको छ । अर्कोतर्फ मानवीय स्वभाव नै राम्रो देखिन चाहने हुन्छ, तसर्थ मानिस आफ्नो आर्थिक हैसियतले भ्याएसम्म आफ्नो सुन्दरतामा थप निखारता ल्याएर आत्मविश्वास जगाउन ब्यूटी पार्लर धाउन थालेका छन् । यी विविध कुराले गर्दा पछिल्लो समय सौन्दर्य पेशा निकै फस्टाइरहेको छ । कुनै बेला रहर र सौखको रूपमा मात्रै लिइन्थ्यो भने अहिले कामकाजी महिलादेखि गृहिणी महिला सबैका लागि आवश्यकता बन्दै गएको छ । यो परिवर्तित समयको माग हो ।

**जमुना वर्षा शर्मा**
**निवर्तमान अध्यक्ष**
**सञ्चारिका समूह, गण्डकी प्रदेश**

# अध्याय छ

# अध्ययनको सारांश, निष्कर्ष र सुझाव

## ६.१ अध्ययनको सारांश

नेपालमा कुल जनसङ्ख्याको आधाभन्दा बढी जनसङ्ख्या महिलाको रहेको छ । यहाँका हरेक धर्म, संस्कृति, परम्परा, रीतिरिवाज पितृसत्तात्मक समाजबाट चल्ने हुनाले पुरुषहरू अग्र स्थानमा रहनु र महिलाहरू सधैं पछि पर्ने परम्परा रहेको छ । पितृसत्ताले जरो गाडेकै कारणले गर्दा महिलाहरू समान हक अधिकारबाट वञ्चित, रोजगारी, आयआर्जनलगायतका सम्पूर्ण क्षेत्रमा महिला र पुरुषबीच असमानता छ यसले महिला र पुरुषवीच विद्यमान फरक र विभेदपूर्ण यथार्थ दर्शाउने असमान लैङ्गिक सम्बन्धलाई अझ बढी उजागर गरेको छ ।

उक्त अध्ययन क्षेत्रभित्र १३ वटा व्यूटीपार्लरहरू व्यावसायिक रूपमा सञ्चालनमा रहेका छन् । ती १३ वटा ब्यूटी पार्लरमा काम गर्ने ४५ जना ब्यूटीपार्लर व्यवसायीहरूको समग्र नमुना छनौट अध्ययन विधिद्वारा तथ्याङ्क संकलन गर्दा प्रश्नावली अर्न्तवार्ता अनुसूची, अवलोकन र मूख्य सूचनादाता व्यक्तिसँग अन्तर्वार्ता, वैयक्तिक अध्ययन विधिको प्रयोग गरिएको यो अध्ययन लैङ्गिक दृष्टिकोणका आधारमा गरिएको छ ।

जातिगत आधारमा हेर्दा सबैभन्दा बढी सैन्दर्यकर्मी महिलाहरू गुरुङ/मगर छन् । त्यसपछि जनजातिका पर्दछन् भने दलित जातिका सौन्दर्यकर्मी  महिला २ जनामात्रै रहेको पाइन्छ । सबैभन्दा बढी २७ प्रतिशत उत्तरदाताहरू २६ देखि ३० वर्ष उमेर समूहका रहेका छन् जुन उमेर समूह आर्थिक रूपले सक्रिय उमेर समूह हो । उत्तरदाताहरूमध्ये ३६ प्रतिशतले प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेका, करीब ११ प्रतिशतले स्नातक वा सो भन्दा माथि उत्तीर्ण गरेका छन् भने ३१ प्रतिशत एस.एल.सी भन्दा कम छन् । यसबाट यो बुझिन्छ कि यो पेशा गर्नाका लागि शैक्षिक योग्यताले खासै फरक पार्दैन । सौन्दर्यकर्मी महिलाहरूमध्ये ६७ प्रतिशत विवाहिता छन् भने ३३ प्रतिशत अविवाहिता रहेका छन् ।

सौन्दर्यकर्मी महिलाहरूमध्ये अधिकांश ६७ प्रतिशत महिलाहरू हिन्दु धर्मका छन् । पेशाको अनुभवको आधारमा अध्ययन गर्दा ४ देखि ६ वर्षसम्म काम गर्दै आएका

महिलाहरूको सङ्ख्या ३८ प्रतिशत रहेको छ भने १२ वर्ष भन्दा बढी काम गर्नेको सङ्ख्या ९ प्रतिशत रहेको छ । व्यूटीपार्लर पेशामा लाग्ने १६ प्रतिशत सौन्दर्यकर्मी महिलाहरूको मासिक आम्दानी १० हजारभन्दा कम देखिएका । १० देखि १५ हजार हुनेको सङ्ख्या ३३ प्रतिशत देखिएको छ । भने २० देखि २५ हजार भन्दा माथि हुनेको सङ्ख्या ११ प्रतिशत रहेको छ । १० हजार भन्दा कम आम्दानी हुनुले यस पेशाले महिलालाई आफ्नो व्यक्तिगत खर्चमात्रै पुगेको भन्ने बुझिन्छ भने २० देखि २५ हजारभन्दा माथि हुनुले यो पेशाले महिलाहरूलाई आर्थिक रूपले बलियो बनाएको छ भन्ने कुरा प्रष्ट हुन्छ ।

उत्तरदाताहरूको परिवारको आम्दानीको स्रोतलाई हेर्दा ३३ प्रतिशत महिलाहरूको व्यूटीपार्लर पेशा नै मुख्य आम्दानीको स्रोत देखिएका । ५१ प्रतिशत उत्तरदाताहरू केही गर्नुपर्छ भन्ने उद्देश्य लिएर आँफै यस पेशामा लागेको करीब २० प्रतिशत श्रीमान्को सहयोगमा, करीब २२ प्रतिशत नै घर परिवारको सहयोगमा र ७ प्रतिशत अरू व्यक्तिको सहयोगमा पेशामा लागेको बताएका छन् । उत्तरदाताहरूको यस पेशाप्रति समाजले हेर्ने दृष्टिकोणको बारेमा ८० प्रतिशतले एकदमै राम्रो छ, करिब २० प्रतिशतल राम्रो छैन भन्ने राय व्यक्त गरेका थिए । ८० प्रतिशत एकदमै सकारात्मक उत्तरले समयको परिवर्तनसँगै यो पेशा बढी चर्चामा आएको धारणा उत्तरदाताहरूले व्यक्त गरेका छन् । व्यूटीपार्लर पेशामा लाग्नुभन्दा अगाडि उत्तरदाताहरूको परिवारमा रहेको जीवन स्तर अथवा अवस्थाको कुरा गर्दा १६ प्रतिशत गृहिणी, ५३ प्रतिशत विद्यार्थी, ११ प्रतिशत व्यापार व्यवसायमा परिवारलाई सघाउने बताएका छन् ।

सौन्दर्य कर्मीमहिलाहरू सबैले आफ्नो पेशाप्रति सन्तुष्टि रहेको बताएका छन् । किनकि यस पेशामा लाग्नाका लागि बढी मेहनत गर्नुनपर्ने, एकै पटक धेरै आर्थिक स्रोतको आवश्यक पनि नपर्ने साथै सामान्य शिक्षा भएपनि हुने, आफ्नो फुर्सदको समयको सदुपयोग हुने सीपमूलक र आयमूलक कार्यमा व्यस्त रहने धारणा उत्तरदाताहरूको रहेको छ ।

व्यूटीपार्लर पेशा सञ्चालन गर्नाका लागि अन्य व्यक्तिको सहयोग लिएको अथवा नलिएको वारेमा बुझ्दा ९१ प्रतिशतले आफूमात्रैले सञ्चालन गरेको पाइन्छ । आफैले मात्रै गर्दा काम गर्न अफठ्यारो नपर्ने साथै फाइदा पनि धेरै गर्न सकिने धारणा उत्तरदाताहरूले व्यक्त गरेका छन् । व्यूटीपार्लर पेशामा लागेका महिलाहरूमध्ये ७८ प्रतिशतले अन्य कर्मचारीहरू राखेर व्यवसाय सञ्चालन गरेको र २२ प्रतिशतले कर्मचारी नराखी आफैले

चलाएको बताएका छन् । ब्यूटीपार्लर पेशामा लागेपछि उत्तरदाताहरूको सीप विकासमा ७१ प्रतिशतले एकदमै वृद्धि भएको बताएका छन् ।

उत्तरदाताहरूमध्ये ६७ प्रतिशत उत्तरदाताहरूको जीवनमा यस पेशाले पूर्ण रूपमा आर्थिक स्वतन्त्रता ल्याएको देखिएका छन् । यस पेशामा लागेपछि उत्तरदाताहरूको जीवनस्तरमा आएको परिवर्तनमा ९ प्रतिशतले समाज तथा परिवारमा आफ्नो छुट्टै पहिचान भएको, करीब ७१ प्रतिशतले आत्मनिर्भर भएको, १६ प्रतिशतले आफूहरूले पनि केही गर्न सकेजस्तो लागेको र ९ प्रतिशतले सबै ठाउँमा आफ्नो खूबी बढेको बताएका छन् । यस तथ्याङ्कले विशेषतः कुनै पनि पेशा अथवा व्यवसायमा संलग्न भएपछि उनीहरूको जीवनमा धेरै नै परिवर्तन आएको आफूमा कामको जिम्मेवारी तथा आत्मविश्वास बढेको बताएका छन् ।

## ६.२ अध्ययनको निष्कर्ष

यस क्षेत्रको ब्यटीपार्लर व्यवसायमा सामान्य लेखपढ गर्न सक्ने महिलाहरूको बाहुल्यत रहेको छ । धेरै हिन्दु धर्मालम्बी तथा केही बौद्ध महिलाहरूको सहभागिता छ । महिलाको मुख्य आम्दानीको स्रोत ब्यूटीपार्लर व्यवसाय तथा कृषि देखिएको छ । केहि महिलाहरू यस व्यवसाय प्रति सन्तुष्ट छन् भने केही महिलाहरू कमाइ कम हुने, समाजको परम्परावादी दृष्टिकोण, आम्दानी सिजनमा तथा चाडपर्वमा भर पर्ने, देशको अराजनैतिक वातावरण, स्वतन्त्रतापूर्वक लागानी गर्न नसकिने आदि कारणहरूले गर्दा असन्तुष्ट रहेको पाइएको छ ।

यहाँका महिलाहरू यो व्यवसायमा प्रवेश गर्नुपूर्व गृहिणी, कृषक, विद्यार्थी, सामान्य व्यापारी आदिका रूपमा रहेको देखिएको छ । व्यवसायमा आएपछि उनीहरूको सीप र क्षमता वृद्धि भएको देखिएको छ । यहाँका महिलाको घरायसी निर्णय प्रकृयामा भूमिका राम्रो पाइएका छ । हाल यस पेशामा रहेको महिलालाई समाजले हेर्ने दृष्टिकोणमा राम्रो परिवर्तन ल्याएको छ । यस पेशामा रहेका व्यवसायी महिलाको दैनिक जीवन, खानपान, भेषभूषा, बोलिचालि, सोचाई विचार तथा हरेक दृष्टिकोणमा परिवर्तन आएको छ ।

महिलाहरू पनि पुरुषसरह अवसर पाएमा समाजका हरेक क्षेत्रमा योगदान पुऱ्याउन सक्छन् । हाल आएर बिस्तारैबिस्तारै शैक्षिक, राजनीतिक, आर्थिक, सामाजिक, स्वास्थ्य

प्राविधिक तथा कानूनी क्षेत्रमा महिलाहरूको उपस्थिति बढ्दै गएको छ । तर पनि पुरुषसरह उनीहरू सक्रिय हुनसक्दैनन् जसको कारण महिलाहरूको झुकाव सीपमूलक कार्यहरू (सिलाइ, बुनाइ, बुटीक आदि) मा बढी देखिएका छन् ।

यस अध्ययनको क्रममा पोखरा महानगरपालिकाका न्यूरोड क्षेत्रका सौन्दर्यकर्मी महिलाहरूको पेशाप्रतिको धारणा र दृष्टिकोणको बारेमा पोखरा महानगरपालिका न्यूरोडमा रहेका विभिन्न व्यूटीपार्लरमा कार्यरत सौन्दर्यकर्मी महिलाहरूको सामाजिक, आर्थिक स्थितिको सम्बन्धमा शोध गरिएको थियो । कास्की जिल्लाको पोखरा महानगरपालिका शहर देख्दामा जति सुन्दर छ, त्यस भित्रका बासिन्दाहरू पनि चेतनाको दृष्टिले पछाडि छैनन् । यहाँ विभिन्न संघ संस्थामा आबद्ध महिलाहरू बढी मात्रामा भेटिन्छन्, त्यस्तै गरी अन्य क्षेत्रमा जस्तै व्यूटीपार्लर व्यवसायमा पनि महिलाहरूको उच्च आकर्षण बढेको छ ।

सौन्दर्यकर्मी पेशामा लागेर काम गर्दै आएका सौन्दर्यकर्मी महिलाहरूको अध्ययन गर्दा २०५० सालदेखि महिलाहरू ब्युटीपार्लर पेशामा संलग्न रहेको पाइएको छ । शुरु शुरुमा यस पेशालाई ग्रामीण क्षेत्रमा अलिकति नराम्रो दृष्टिले हेर्ने गरेको भए तापनि आजभोलि यो पेशा अत्यधिक मात्रामा बढी चर्चित बनेको छ । समयको परिवर्तनसँगै यस व्यवसायले बढी फड्को मारेको छ । आजभोलि ग्रामीण समुदायमा पनि यस व्यवसायको प्रभाव परेको छ । यसरी शहरी तथा ग्रामीण समुदायमा सौन्दर्यकर्मी महिलाहरूको बृद्धि हुनुमा जनचेतनाको प्रचारप्रसार साथै यस क्षेत्रमा महिलाहरूको अभिरुचि बढ्नु हो ।

व्यूटीपार्लर व्यवसाय महिलाहरूका लागि अति नै सजिलो व्यवसाय हो । अरू पेशाहरूमा जस्तो यस पेशामा बढी दुःख गर्नुपर्दैन तापनि आफ्नो सीप, मेहनत र लगनशीलतालाई जति बढाउन सक्यो त्यति नै आफू सफल सौन्दर्यकर्मी बन्न सकिन्छ । यस पेशामा स्थापित हुनाका लागि धेरै समय पनि नलाग्ने ५-६ महिना तथा १ वर्ष तालिम लिएर आफैले व्यवसाय सञ्चालन गर्न सकिने साथै एकैपटक बढी आर्थिक स्रोत पनि जुटाउन नपर्ने कुरा सौन्दर्यकर्मी महिलाहरूले बताएका छन् । यस पेशालाई निरन्तरता दिनाका लागि पनि खासै अफ्ठ्यारो नपर्ने कुरा उनीहरूको रहेको छ । आफ्नो फुर्सदको समयलाई सदुपयोग गरी सजिलै सीपमूलक कार्य सिकेर आफ्नो खुट्टामा आफै उभिन सक्ने कुरा उनीहरूको आफ्नो पेशा प्रति रुची तथा सकरात्मक दृष्टिकोण रहेको पाइएको छ ।

सौन्दर्यकर्मी महिलाहरूले यस क्षेत्रमा लाग्दा अरू कुनै क्षेत्रसँग सम्बन्ध राख्नु जरूरी छैन । सौन्दर्यकर्मी महिलासँग मात्रै बढी मात्रामा सम्पर्क गरेका हुन्छन् । वेला- वेलामा वरिष्ठ ब्युटीसियनहरूसँग भेटघाट गरी नयाँ-नयाँ कुराहरू उनीहरूले सेमिनारबाट सिकेका हुन्छन् र सोहीअनुसार काम गरेका हुन्छन् ।

व्यूटीपार्लर व्यवसायबाट अधिकांश महिलाहरू आर्थिकरूपमा सक्षम हुनसकेका छन् । यस पेशाबाट आर्जित आयबाट आफूलगायत आफ्नो परिवार धान्नसमेत महिलाहरू सफल भएका छन् । लामो समयसम्म यस पेशामा आबद्ध महिलाहरू साथै विगत एक दुई वर्ष अघिबाट यस पेशामा लाग्ने महिलाहरूले यस पेशालाई निरन्तरता दिन खासै अफठ्यारो नपरेको देखिन्छ ।

## ६.३ सुझावहरू

व्यूटीपार्लर व्यवसायका सकरात्मक तथा नकरात्मक दुवै पक्ष भएतापनि महिलालाई आत्म निर्भर बनाउनको लागि योजना बनाउनेहरूले नकरात्मक पक्षलाई न्यूनीकरण गरी सकरात्मकलाई अगाडी ल्याउने गरी महिलामुखि सीपमूलक, आयमूलक योजनाहरू बनाउनु पर्छ । यस्तो योजनाहरूले महिलाहरूको सामाजिक, आर्थिक र व्यक्तिगत विकासमा सहयोग पुऱ्याउछ ।

यस अनुसन्धानले कास्की जिल्लाको पोखरा महानगरपालिका न्युरोडका व्यूटीपार्लर पेशा तथा व्यवसायमा सहभागी महिलाहरूका लागि धेरै खालका चुनौतिहरू साथ साथै अवसरहरू पनि देखिएको छ । यस व्यवसायमा सहभागी महिलाहरूलाई समस्याहरूबाट छुटाउन तलका केही कुराहरूमा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

- महिलाहरूलाई सामाजिक र आर्थिक रूपमा आत्म निर्भर बनाउन समय अनुसार सीपमूलक र आयमूलक कार्यमा सहभागी बन्न अनिवार्य अझ सक्रिय रूपमा सोचमा परिवर्तन ल्याउनु पर्ने

- लैङ्गिक तथा जातीय विभेदलाई क्रमशः उन्मूलन वा निराकरण गर्नुपर्ने सम्मानित वा पुरस्कृत महिलाको योगदानलाइ कदर गर्नुपर्छ ।

- प्रोत्साहन तथा आत्मविश्वास जगाउनु पर्ने ।

- ज्याला तथा अन्य पक्षमा समानता ल्याउनु पर्ने ।
- महिलालाई बढी प्रेत्साहित गर्नुपर्ने देखिन्छ ।
- व्यवसायीलाई आवश्यक पर्ने सेवा सुविधालाई अझ बढाउनु पर्ने देखिन्छ ।
- समानताको राम्रो विश्लेषण हुनुपर्छ ।
- अझ बढी समयसापेक्ष परिवर्तित सोच ल्याउनु पर्छ ।

यसर्थ हामीले एक्काईसौं शताब्दीमा समाज परिवर्तनका लागि सकारात्मक सोचको विकास गर्नुपर्छ । महिलाहरूको उत्थानका लागि सामाजिक विकास आर्थिक विकासका साथ साथै महिलाहरूलाई आयमुलक सीपमुलक पेशा तथा व्यवसायद्वारा उनीहरूको व्यक्तित्व विकास गराउनका लागि ब्यूटीपार्लर पेशाको माध्यमद्वारा नीति तथा कार्यक्रम अगाडि बढाउन आवश्यक देखिन्छ ।

# सन्दर्भग्रन्थ सूची


आइन्स्टाइन, जेड (सन् १९९४), *दि कलर अफ जेण्डर रि इमोजिङ्ग, डेमोक्रेसी,* वार्कले प्रकाशक युनिभर्सिटी अफि क्यालिफोर्निया प्रेस ।

आचार्य, मीना र लीन वेनेट (१९८१), *द स्टाटस अफ वुमन इन नेपाल,* भोलुम सेकेण्ड सेडा, टि.यु, काठमाण्डौ ।

ओभा, घननाथ (२०५६), *नेपालमा महिला,* पैरवी प्रकाशन बुक्स एण्ड स्टेशनरी, काठमाण्डौं ।

ओलनवर्गर, सी. जाने र मोरे, ए हिलेन (सन् १९९२), *अ सोसिओलोजी अफ वुमन सार्वमन एण्ड स्चुस्टर कम्पनी,* निउ जर्सी ।

उप्रेती, लयप्रसाद (२००४), *जेण्डर डेभलपमेन्ट* ।

कोइराला, सुशील, (२०६६), नारी महिला मासिक, मंसिर ।

गिडिन्स, एन्थोनी (सन् २००१), *सोसिओलोजी पोलिटी प्रेस* इन एशोसिएसन वीथ ब्ल्याकवेल पब्लिसर लिमिटेड, यू.के. ।

चौलागाइँ, तिलकप्रसाद, पोखरेल, नानीराम, सापकोटा केशवराज (वि.सं.२०६०), *लैङ्गिक अध्ययन,* न्यू हिरा बुक्स इन्टरप्राइजेज, कीर्तिपुर, काठमाडौं ।

ढकाल, मीरा, (सन्, २००७), *इजुकेटेड वुमन इन गभरमेन्ट इम्प्लोइमेन्ट* (अ केस स्टडी अफ पोखरा सब मेट्रो पोलिस एण्ड कास्की डीस्ट्रीक्ट, डेभलपमेन्ट कमिटि अफिस): अप्रकाशित शोधपत्र एम.ए. पृथ्वीनारायण क्याम्पस समाजशास्त्र मानवशास्त्र विभागमा पेश गरिएको, पोखरा, नेपाल ।

ढकाल, राजकुमार (सन् २००७), *मदर्स ग्रुप इन कम्युनिटी डेभलपमेन्ट अ स्टडी अफ सतहुँ,* स्याङ्गजाः अप्रकाशित शोधपत्र एम.ए. (पृथ्वीनारायण क्याम्पस समाजशास्त्र/ मानवशास्त्र विभागमा पेश गरिएको, पोखरा, नेपाल ।

पण्डित, एस.के. (सन् १९९८), *वुमन इन सोसाइटी रजत पब्लिकेशन,* न्यूदिल्ली ।

बहुवार, सिमोन द (वि.सं. २०६०), *महिला,* प्रगति पुस्तक सदन, काठमाडौं ।

भट्टराई, बाबुराम (२०६८), अन्तराष्ट्रिय महिला दिवस, उद्योग वाणिज्य संघ, काठमाण्डौं ।

भण्डारी, रविराज (२०६१), *ग्रामीण पर्यटन व्यवसायमा सहभागी ल्वाङ्घले गा.वि.स.का महिला व्यवसायीहरूको एक समाजशास्त्रीय अध्ययन,* समाजशास्त्र/मानवशास्त्र विभागमा पेश गरिएको अप्रकाशित शोधपत्र, एम.ए., पृथ्वीनारायण क्याम्पस, पोखरा, नेपाल ।

भाषिन, कमला (सन् १९९३), *पितृसत्ता के हो ?,* न्यूदिल्ली : काली फर वुमन ।

भाषिन, कमला र खान, निधत सइद, (सन् २००८) *नारीवाद के हो?* स्त्री शक्ति, काठमाडौं ।

मिलेट, के (सन. १९७०), "*सेक्स्युलय पोलिटिक्स*", गार्डेन सिटी : न्यूयोर्क ।

मोत्से, जुलिया क्लेभेज (१९९३), *हायु दि वर्ल्ड हाफ दि चान्स,* अक्सफाम पब्लिकेशन ।

यामी, हिसिला र बाबुराम भट्टराई (२०५७), *मार्क्सवाद र महिला मुक्ति,* उत्प्रेरक प्रकाशन, काठमाण्डौ ।

राष्ट्रिय जनगणना आयोग (२०६८), तथ्याङ्क विभाग, काठमाडौं ।

लुइँटेल, डा.समिरा (सन् २००८), *"लैङ्गिक अध्ययन"* एकेडेमिक बुक सेन्टर, कीर्तिपुर ।

वेनेट, लीन (१९८३), *डेन्जरस वाईफस एण्ड सेक्रेट सिस्टर्स सोसियल एण्ड सिम्वोलिक रोल्स अफ हाई-कास्ट वुमन इन नेपाल,* कोलम्बिया युनिभर्सिटी प्रेस, न्यूयोर्क ।

वैद्य, विना, (२०६३), नारी महिला मासिक, ज्येष्ठ ।

शर्मा, उषा (सन् २००९), *वुमन इन साउथ एशिया इम्प्लोइमेन्ट,* इम्प्लोइमेन्ट एण्ड ह्युमन डेभलोपमेन्ट अथोरप्रेस, इन इण्डिया एट तरुण अफसेट, दिल्ली ।

श्रेष्ठ, अस्मिता (वि.सं. २०६६), *महिला कानुन व्यवसायीहरूको सामाजिक अवस्था* (कास्की जिल्लाको एक समाजशास्त्रीय अध्ययन): अप्रकाशित शोधपत्र, एम.ए. ।

ब्युटीसियन एसोसिएसन, कास्की ।

# परिशिष्ट १

## सौन्दर्यकर्मी महिलाहरूको पेशाप्रतिको दृष्टिकोण

**(पोखरा महानगरपालिकाको न्युरोडक्षेत्रमा रहेका विभिन्न व्यूटीपार्लरमा कार्यरत सौन्दर्यकर्मी महिलाहरुको एक समाजशास्त्रीय अध्ययन)**

**अन्तवार्ता अनुसूची**

१. व्यक्तिगत परिचय :

उत्तरदाताको नाम : ..................................................

उमेर : ................. जात/जातीयता :.....................

धर्म : ................. शैक्षिक योग्यता :.......................

२. पारिवारिक विवरण :

| क्र. सं. | नम | नाता | लिङ्ग | उमेर | वैवाहिक स्थिति | शिक्षा | पेशा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| ४. | | | | | | | | |
| ५. | | | | | | | | |

३. परिवारको प्रकार

क) एकल ख) संयुक्त ग) बृहत् घ) अन्य

४. तपाईको मुख्य पेशा के हो ?

क) व्यूटीपार्लर ख) व्यापार ग) जागीर

५. तपाईको मासिक आम्दानी कति हुन्छ ?

क) १० हजार भन्दा कम ख) १० हजार - १५ हजार

ग) १५ हजार - २० हजार घ) २० हजार - ३० हजार

६. व्यूटीपार्लरबाहेक तपाईको अन्य पेशा छ ?

क) छ ख) छैन

७. यदि छ भने कस्तो प्रकारको पेशा गर्नुभएको छ ?

क) कृषि ख) व्यापार ग) जागीर घ) अन्य

८. यदि तपाईको मुख्य पेशा व्यूटीपार्लर नै हो भने यस पेशाबाट तपाईको परिवारलाई कति राहत पुगेको छ ?

क) धेरै ख) ठिकै ग) अलिकति

९. तपाईको प्राप्त आम्दानीबाट तपाईले के मा लगानी गर्नुभएको छ ?

क) खाना ख) शिक्षा ग) सवारी साधन

घ) बचत ङ) अन्य

१०. तपाईको परिवारको आयको मुख्य स्रोत के हो ?

क) व्यूटीपार्लर ख) व्यापार/व्यवसाय ग) कृषि घ) जागीर

११. तपाई आफ्नो पेशाप्रति सन्तुष्ट हुनुहुन्छ ?

क) छ ख) छैन

१२. यदि छ भने के कारणले गर्दा सन्तुष्ट हुनुहुन्छ ?

क) आत्मनिर्भरता ख) स्वतन्त्र पेशा ग) सीपको उपयोग घ) अन्य

१३. यदि छैन भने किन सन्तुष्ट हुनुहुन्न ?

क) कम आम्दानी ख) सामाजिक दृष्टिकोण ग) अन्य

१४. तपाईलाई यस पेशालाई समाजले कसरी हेरेको छ जस्तो लागेको छ ?

क) राम्रो ख) ठिकै ग) नराम्रो

१५. तपाईलाई यस पेशामा लाग्नाका लागि विशेष गरी कसको प्रेरणा/सहयोगमा अगाडि बढ्नुभयो ?

क) आफै ख) श्रीमान् ग) परिवार घ) अन्य

१६. तपाईले व्यूटीपार्लर खोल्दा आफ्नै घरमा खोल्नुभएको छ ?

क) घरमा ख) भाडामा

१७. तपाईले व्यूटीपार्लर आफै मात्रैले चलाउनु भएको छ कि अरूको सहयोगमा ?

क) आफै ख) अन्य व्यक्तिको सहयोगमा

१८. यदि आफैले मात्र चलाउनु भएको छ भने किन ?

क) ग्राहकहरू धेरै मात्रामा आउने भएकाले

ख) आफैले मात्रै चलाउँदा बढी फाइदा हुने भएकाले

ग) पाटनरमा काम गर्दा अप्ठ्यारो पर्ने भएकाले

घ) अन्य

१९. तपाईले आफ्नो पार्लरमा रोजगारी पनि दिनुभएको छ ?

क) छ ख) छैन

२०. तपाईको व्यूटीपार्लरमा कस्ता प्रकारका मान्छेहरू बढी मात्रामा आउने गर्दछन् ?

क) विद्यार्थी ख) जागीरे ग) व्यापारी घ) अन्य

२१. तपाईको व्यूटीपार्लरमा व्यूटीशियन तालिमको पनि व्यवस्था छ ?

क) छ ख) छैन

२२. यदि छ भने कस्ता - कस्ता तालिमहरू दिनुहुन्छ ?

क) कपाल काट्ने ख)थ्रेडिङ गर्ने ग) कपाल स्ट्रेट र कर्ली गर्ने

घ) फेसियल गर्ने ङ) हेयर कलरिङ गर्ने च) सबै व्यूटीशियन सम्बन्धी सेवा

२३. तपाईले यो व्यवसाय शुरु गर्नुभन्दा पहिला के गर्नु हुन्थ्यो ?

क) गृहिणी ख) विद्यार्थी

ग) व्यापार व्यवसायमा परिवारलाई सहयोग घ) अन्य

२४. महिलाहरूले सामाजिक तथा आर्थिक स्तर सुधार गर्नाका लागि के गर्न आवश्यक छ ?

.........................................................................................................

.....................................................................................................

२५. समाजमा महिलाहरूको स्तर माथि उठाउनाका लागि तपाई कस्तो सुझाव दिनुहुन्छ ?

.........................................................................................................

.........................................................................................................

२६. व्यूटिपार्लर पेशा प्रति समाजको दृष्टिकोण कस्तो रहेको पाईन्छ ?

.........................................................................................................

.....................................................................................................

२७. तपाईले यस पेशासम्बन्धी कुनै तालिम लिनुभएको छ ? यदि लिनुभएको छ भने कुन कुन तालिम लिनुभएको छ ?

(क) ३ महिने सौन्दर्यकर्मी तालिम (ख) ६ महिने सौन्दर्यकर्मी तालिम

(ग) १ वर्ष सौन्दर्यकर्मी तालिक (घ) २ वर्ष सौन्दर्यकर्मी तालिम

२८. यो व्यवसाय गर्ने महिलालाई समाजले हेर्ने दृष्टिकोण समयसापेक्ष सकारात्मक कसरी बनाउन सकिन्छ ?

..........................................................................................

..........................................................................................

२९. यो पेशाले कुन कुन पक्ष मा परिर्वतन ल्याएको छ ?

(क) सामाजिक (ख) आर्थिक (ग) राजनितिक (घ) अन्य

३०. तपाईले यो पेशा गरेको कति बर्ष भयो ?

(क) १ वर्ष देखि ३ वर्ष (ख) ४ वर्ष देखि ६ वर्ष

(ग) ७ वर्ष देखि ९ वर्ष (घ) १० वर्ष देखि १२ वर्ष

३१. व्यूटीपार्लर व्यवसायमा सहभागी महिलाले समाजबाट कस्ता समस्याहरु भ्केल्नुपरेको छ ?

..........................................................................................

..........................................................................................

३२. ग्राहक आकर्षण बढाउन कस्तो उपाय उपयोगी हुन्छ ?

..........................................................................................

..........................................................................................

३३. नेपालमा व्यूटीपार्लर व्यवसायको सम्भावना कस्तो देख्नुहुन्छ ?

..........................................................................................

..........................................................................................

# परिशिष्ट २

## अवलोकन जाँचबुझ सूची

- व्यूटीपार्लरमा जातजातीयताको भूमिका
- व्यूटीपार्लरमा पेशामा किसिम
- व्यूटीपार्लरमा पेशामा आबद्धता
- व्यूटीपार्लरमा सहभागी महिलाहरुको अवस्था
- अध्ययन क्षेत्रका महिलाहरुको सामाजिक, आर्थिक अवस्था
- परिवारिक हैसियत र शैक्षिक अवस्था
- आर्थिक क्रियाकतापमा सक्रियता
- महिलाहरुको परम्परागत कार्य र व्यवसाय बीचको दोहोरो भूमिका
- आम्दानी सम्बन्धी महिलाहरुकको धारणा
- यस पेशाले विकासमा पार्ने धारणा

# परिशिष्ट ३

## मुख्य सूचनादातासँग अन्तवार्ता अनूसूची

नाम : उमेर : लिङ्ग :

पेशा : शिक्षा :

१) समाजले व्यूटीपार्लर पेशामा लागेको महिलाहरुलाई हेर्ने दृष्टिकोण कस्तो छ ?

क) राम्रो ख) सामान्य ग) नकारात्मक

२) व्यूटीपार्लर व्यवसायमा लागेको महिलाहरुको आर्थिक क्रियाकलापमा कस्तो भूमिका रहेको छ ?

क) सक्रिय ख) सामान्य ग) निष्कृय

३) व्यूटीपार्लर व्यवसायी महिलाहरु आर्थिक रुपमा आत्मनिर्भर बन्न सकेका छन् वा छैनन् ?

क) छन ख) छैनन्

४) यहाँ यस व्यवसयलाई कुन रुपमा लिने गरिएको छ ?

क) राम्रो आम्दानी हुने ख) ठिकै आम्दानी हुने ग) कम आम्दानी हुने

५) यस व्यवसायले महिलाहरुको जीवनस्तरमा परिवर्तन ल्याएको छ वा छैन ?

क) छ ख) छैन

६) व्यूटीपार्लर व्यवसायी महिलाहरुको कस्तो मनोवल पाउनुभएको छ ?

क) उच्च मनाबल ख) ठिकै खालको मनोवल ग) कमजोर मनोबल

७) तपाईकहाँ कस्ता कस्ता ग्राहक आउने गर्दछन् ?

क) आन्तरिक ख) बाह्य ग) अन्य

८) व्यूटीपार्लर व्यावसाय गर्ने सौन्दर्यकर्मी महिलाहरुले आफ्नो पेसा प्रति हेर्ने दृष्टिकोण कस्तो छ ?

क) अतिराम्रो ख) सन्तोषजनक ग) अन्य

९) तपाइको अनुभवमा व्यूटीपार्लर व्यवसायमा सहभागी महिलाहरुका लागि कुन कुन समस्याहरु छन ?

.......................................................................................................................

.......................................................................................................................

१०) महिलाहरुको सामाजिक र आर्थिक स्तर सुधार गर्नका लागि के गर्न आवश्यक छ ?

...........................................................................................................................

......................................................................................................................

११) ब्यूटीपार्लर पेशाप्रति समाजको दृष्टिकोण कस्तो छ ?

...........................................................................................................................

......................................................................................................................

# परिशिष्ट ४

## अन्तर्वार्तामा सहभागि मुख्य सूचनादाताहरू नामावली

- बविता के .सी (कार्की)
- चिनु गुरुङ
- मिना गुरुङ
- इन्दु पुरि
- सोनु थापा
- रेनु झा
- गिता जि.सि
- शान्ति उदास
- सजनी श्रेष्ठ
- जमुना शर्मा 'वर्षा'
- काशी गुरुङ

# परिशिष्ट ५

## मुख्य सूचनादाताहरुको उत्तर

नाम : शान्ति उदास    उमेर : ४४    लिङ्ग : महिला

पेशा : व्यापारी तथा व्यूटीसियन    शिक्षा : स्नातक

१) समाजले व्यूटीपार्लर पेशामा लागेको महिलाहरुलाई हेर्ने दृष्टिकोण कस्तो छ ?

क) राम्रो ✓    ख) सामान्य    ग) नकारात्मक

२) व्यूटीपार्लर व्यवसायमा लागेको महिलाहरुको आर्थिक क्रियाकलापमा कस्तो भूमिका रहेको छ ?

क) सक्रिय ✓    ख) सामान्य    ग) निष्कृय

३) व्यूटीपार्लर व्यवसायी महिलाहरु आर्थिक रुपमा आत्मनिर्भर बन्न सकेका छन् वा छैन ?

क) छन ✓    ख) छैनन्

४) यहाँ यस व्यवसयलाई कुन रुपमा लिने गरिएको छ ?

क) राम्रो आम्दानी हुने    ख) ठिकै आम्दानी हुने ✓    ग) कम आम्दानी हुने

५) यस व्यवसायले महिलाहरुको जीवनस्तामा परिवर्तन ल्याएको छ वा छैन ?

क) छ✓    ख) छैन

६) व्यूटीपार्लर व्यवसायी महिलाहरुको कस्तो मनोवल पाउनुभएको छ ?

क) उच्च मनाबल✓    ख) ठिकै खालको मनोवल    ग) कमजोर मनोबल

७) तपाईकहाँ कस्ता कस्ता ग्राहक आउने गर्दछन् ?

क) आन्तरिक✓    ख) बाह्य✓    ग) अन्य

८) व्यूटीपार्लर व्यावसाय गर्ने ब्युटिसियन महिलाहरुले आफ्नो पेसा प्रति हेर्ने दृष्टिकोण कस्तो छ ?

क) अतिराम्रो ✓    ख) सन्तोषजनक    ग) अन्य

९) तपाइको अनुभवमा व्यूटीपार्लर व्यवसायमा सहभागी महिलाहरुका लागि कुन कुन समस्याहरु छन ?

→व्यूटीशियन/कर्मचारी/हेल्पर हरु अनुभवी हुने वित्तीकै काम छोड्ने ।

१०) महिलाहरुको सामाजिक र आर्थिक स्तर सुधार गर्नका लागि के गर्न आवश्क छ ?

१) राज्यले दिने महिलामैत्री सुविधा (जुन आजकल लागु हुन लागेको छ ।

२) यो पेशा प्रति समाजको सकारात्मक धारणा वढ्नु पर्ने ।

११) व्यूटीपार्लर पेशाप्रति समाजको दृष्टिकोण कस्तो छ ?

पहिलेको अवस्थामा भन्दा आजकल धेरै नै सकारात्मक पाइएको छ ।

## मुख्य सूचनादाताहरुको उत्तर

नाम : इन्दु पुरी उमेर : ४२ लिङ्ग : महिला

पेशा : व्यूटीशियन शिक्षा : आइ ए

१) समाजले व्युटीपार्लर पेशामा लागेको महिलाहरुलाई हेर्ने दृष्टिकोण कस्तो छ ?

क) राम्रो ✓ ख) सामान्य ग) नकारात्मक

२) व्यूटीपार्लर व्यवसायमा लागेको महिलाहरुको आर्थिक क्रियाकलापमा कस्तो भूमिका रहेको छ ?

क) सक्रिय ✓ ख) सामान्य ग) निष्कृय

३) व्यूटीपार्लर व्यवसायी महिलाहरु आर्थिक रुपमा आत्मनिर्भर बन्न सकेका छन् वा छैन ?

क) छन ✓ ख) छैनन्

४) यहाँ यस व्यवसयलाई कुन रुपमा लिने गरिएको छ ?

क) राम्रो आम्दानी हुने ✓ ख) ठिकै आम्दानी हुने ग) कम आम्दानी हुने

५) यस व्यवसायले महिलाहरुको जीवनस्तामा परिवर्तन ल्याएको छ वा छैन ?

क) छ✓ ख) छैन

६) व्यूटीपार्लर व्यवसायी महिलाहरुको कस्तो मनोवल पाउनुभएको छ ?

क) उच्च मनाबल✓ ख) ठिकै खालको मनोवल ग) कमजोर मनोबल

७) तपाईकहाँ कस्ता कस्ता ग्राहक आउने गर्दछन् ?

क) आन्तरिक✓ ख) बाह्य✓ ग) अन्य

८) व्यूटीपार्लर व्यावसाय गर्ने ब्युटिसियन महिलाहरुले आफ्नो पेशाप्रति हेर्ने दृष्टिकोण कस्तो छ ?

क) अतिराम्रो ✓ ख) सन्तोषजनक ग) अन्य

९) तपाइको अनुभवमा व्यूटीपार्लर व्यवसायमा सहभागी महिलाहरुका लागि कुन कुन समस्याहरु छन ?

→गुणस्तरीय समान नेपालमा नपाउनु र पार्लर खोल्नको लागि दुरीको आधार नहुन जतातती वा एउटै घरमा दुई वा बढी पार्लर खोल्नु ।

१०) महिलाहरुको सामाजिक र आर्थिक स्तर सुधार गर्नका लागि के गर्न आवश्क छ ?

→महिलाहरुको सामाजिक र आर्थिक स्थीती सुधारका लागि आवश्यक शिक्षा र आर्थिक लगानी परिवार तथा सरकारको तर्फबाट सहयोग गरिनु पर्छ ।

११) ब्यूटीपार्लर पेशाप्रति समाजको दृष्टिकोण कस्तो छ ?

→राम्रो छ

# मुख्य सूचनादाताहरुको उत्तर

नाम : गिता जि.सी उमेर : ३८ लिङ्ग : महिला

पेशा : व्यूटीशियन शिक्षा : स्नातक

१) समाजले व्यूटीपार्लर पेशामा लागेको महिलाहरुलाई हेर्ने दृष्टिकोण कस्तो छ ?

क) राम्रो ख) सामान्य✓ ग) नकारात्मक

२) व्यूटीपार्लर व्यवसायमा लागेको महिलाहरुको आर्थिक क्रियाकलापमा कस्तो भूमिका रहेको छ ?

क) सक्रिय ✓ ख) सामान्य ग) निष्कृय

३) व्यूटीपार्लर व्यवसायी महिलाहरु आर्थिक रुपमा आत्मनिर्भर बन्न सकेका छन् वा छैन ?

क) छन ✓ ख) छैनन्

४) यहाँ यस व्यवसयलाई कुन रुपमा लिने गरिएको छ ?

क) राम्रो आम्दानी हुने ✓ ख) ठिकै आम्दानी हुने ग) कम आम्दानी हुने

५) यस व्यवसायले महिलाहरुको जीवनस्तामा परिवर्तन ल्याएको छ वा छैन ?

क) छ✓ ख) छैन

६) व्यूटीपार्लर व्यवसायी महिलाहरुको कस्तो मनोवल पाउनुभएको छ ?

क) उच्च मनाबल✓ ख) ठिकै खालको मनोवल ग) कमजोर मनोबल

७) तपाईकहाँ कस्ता कस्ता ग्राहक आउने गर्दछन् ?

क) आन्तरिक✓ ख) बाह्य ग) अन्य

८) व्यूटीपार्लर व्यावसाय गर्ने ब्युटिसियन महिलाहरुले आफ्नो पेसा प्रति हेर्ने दृष्टिकोण कस्तो छ ?

क) अतिराम्रो ख) सन्तोषजनक✓ ग) अन्य

९) तपाइको अनुभवमा व्यूटीपार्लर व्यवसायमा सहभागी महिलाहरुका लागि कुन कुन समस्याहरु छन ?

→कहिले काँहि मानिसहरुको नकरात्मक सोच तथा समस्या पर्दा समयमा यसको उचित समस्या राख्ने ठाउँ नहुनु ।

१०) महिलाहरुको सामाजिक र आर्थिक स्तर सुधार गर्नका लागि के गर्न आवश्क छ ?


→सर्वप्रथम शिक्षामा नै जोड दिनुपर्छ र परिवारवाट राम्रो सहयोग हुनुपर्छ ।

११) व्यूटीपार्लर पेशाप्रति समाजको दृष्टिकोण कस्तो छ ?

→राम्रो छ


# परिशिष्ट ६

## नेपालको नक्सामा कास्की जिल्ला



# परिशिष्ट ७

## कास्कीको नक्सामा अध्ययन क्षेत्र



## परिशिष्ट ८

## अध्ययन क्षेत्रका तस्वीरहरु
























Pokhara-8, Newroad,
HAIR CUT
SHAVING
HAIR STRAIGHT
HEAD MASSAGE
COLOR
THREADING
FACE WASH
FACIAL
DEADLOCK
HAIR CUT
HAIR STRAIGHT
THREADING
FACE WASH
FACIAL
CURLY
MANICURE
MEHENDI